भाग ४

श्री ५ को सरकार

अर्थ मन्त्रालयको सूचना

माननीय अर्थ राज्यमन्त्री श्री महेश आचार्यले २०४८ साल आषाढ २७ गतेका दिन दिनु भएको आर्थिक वर्ष २०४८।४९ को बजेट वक्तव्य सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

सम्माननीय सभामुख महोदय,

१. बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना पश्चात् आम-चुनावबाट बहुमत प्राप्त गरेको सरकारको अर्थ-राज्यमन्त्रीको हैसियतले यस गरीमामय संसदको पहिलो अधिवेसनमा नेपाल अधिराज्यको आर्थिक वर्ष २०४८।४९ को बजेट प्रस्तुत गर्न पाउँदा म ज्यादै गौरवान्वित भएको छु । आजको यो अवसरलाई मैले २०१६ सालमा श्री विश्वेश्वर प्रसाद कोइरालाको नेतृत्वमा गठित नेपाली कांग्रेसको पहिलो निर्वाचित सरकारको देश निर्माण गर्ने संकल्प र अठोटलाई दोहो-याउने तथा आजको नयाँ परिस्थितिमा नेपाली काँग्रेसको यो सरकारले जनता, विकाश र प्रजातन्त्रको निम्ति व्यक्त गरेको प्रतिबद्धतालाई पुरा गर्ने दिशातर्फ अग्रसर हुने मौकाको रूपमा लिएको छु । यो ऐतिहासिक अवसरमा सर्वप्रथम म प्रजातन्त्रको लागि वीरगति प्राप्त गर्ने सम्पूर्ण नेपाली सपूतहरू प्रति श्रद्धाञ्जली अर्पण गर्दछु ।

२. नयाँ सरकार गठन भएको छोटो अवधि भित्रै विभिन्न आर्थिक कठिनाइ र वित्तिय बाध्यताहरूको बीच आगामी आर्थिक वर्षको बजेट निर्माण गर्नु परेकोले सरकारले चाहे अनुसारका मौलिक परिवर्तनहरू यस बजेटमा गर्न सकिएको छैन तापनि बजेटमा समावेश गरिएका नीति र कार्यक्रमहरूले विकाशको फल जनसमक्ष पु-याउन तथा हामीले गरेको प्रतिबद्धतालाई क्रमशः पुरा गर्दै लान र अर्थ व्यवस्थालाई स्पष्ट दिशाबोध दिने तर्फ सफल हुनेछ भन्ने विश्वास लिएको छु ।

३. देशको आर्थिक स्थिति तर्फ हेर्दा राष्ट्रिय उत्पादन वृद्धिदर विगत सोह्र वर्षको अवधिमा औसतः वार्षिक ३.९ प्रतिशतले बढेको देखिन्छ तापनि यसमा प्रत्येक वर्ष जस्तो उतार-चढाव भएको छ । जनसंख्या वृद्धिदर सोही अवधिमा २.६६ प्रतिशत भएबाट वार्षिक राष्ट्रिय उत्पादनमा खूद १.२ प्रतिशतले मात्र वृद्धि भएको छ। यो वृद्धि खास गरी सेवा तथा निर्माण क्षेत्रमा भएकोले यसको प्रतिफल शहरी क्षेत्रका केही सिमित वर्गले मात्र प्राप्त गर्न सकेका छन् । ग्रामीण क्षेत्रमा बसोबास गर्ने जनताहरूको जीवनस्तरमा भने कुनै सुधार भएको छैन। यस अवधिमा कृषि उत्पादन औसतः वार्षिक ३.२ प्रतिशतका दरले वृद्धि भएको छ भने खाद्यान्न उत्पादन औसत वार्षिक २.७ प्रतिशतले बृद्धि भएको छ । यसरी खाद्यान्न तर्फ प्रति इकाई जमीनको उत्पादकत्वमा केवल ०.५ प्रतिशतले मात्र वृद्धि भएको देखिन्छ । साथै कृषि क्षेत्र अझै पनि मौसममा नै निर्भर रहेको तथ्य उत्पादनमा देखा परेको उतार-चढावबाट पनि स्पष्ट हुन्छ । गैह्र कृषि क्षेत्रमा वृद्धिदर ५.५ प्रतिशत भएतापनि औद्योगिक उत्पादनमा स्थायित्व आउन सकेको छैन। गतवर्ष राष्ट्रिय आय करीब ८९ अरब ९४ करोड १० लाख रूपैयाँ भएबाट सरदर प्रतिव्यक्ति वार्षिक आय ४ हजार ८१५ रूपैयाँ अनुमान गरिएको छ । करीब ४२.५ प्रतिशत गरीबीको रेखामुनिका परिवारले वार्षिक आय सरदर ३ हजार २८५ रूपैयाँबाट आफ्ना जीविका गुजारी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राखेका छन् र यिनीहरूले राष्ट्रिय गार्हस्थ्य उत्पादनको १२ देखि १३ प्रतिशत मात्र ओगटेका छन् ।

४. कुल गार्हस्थ्य बचतमा विगत केही वर्ष देखि ह्रास हुँदै आएको छ र सो प्रवृत्तिमा सुधार आउन सकेको छैन । यसको मुख्य कारणहरूमा सरकारी र गैर सरकारी क्षेत्रमा भएको लगानीको प्रभावकारितामा कमी, लगानीको प्रतिफल प्राप्त हुन ढिलाइ र अनुत्पादक खर्चमा ठूलो वृद्धि हुनु नै हो । यस स्थितिमा अर्थतन्त्रमा तरलताको मात्रामा ठूलो वृद्धि भएको छ । गतवर्ष कुल गार्हस्थ्य बचत ९.३ प्रतिशत मात्र रहेको छ। लगानी तर्फ पनि विगत वर्षको दाँजोमा ह्रास हुन आई १८.२ प्रतिशत मात्र रहेको देखिन्छ ।

५: राजस्व परिचालनमा अप्रत्यक्ष करको बाहुल्य रहेको छ – खर्चको वृद्धिको अनुपातमा राजस्वमा वृद्धि हुन सकेको छैन । विगत सोह्र वर्षमा राजस्वको वार्षिक वृद्धि सरदर १६.० प्रतिशत रहेको छ । अर्को तर्फ, विकास बजेटको आकार अघिल्लो वर्षको दाँजोमा ठूलो राख्नु पर्छ भन्ने प्रवृत्तिले देशमा जरो गाडेको छ । फलस्वरूप आर्थिक तथा प्राविधिक दृष्टिकोण र आयोजना संचालन गर्ने क्षमतालाई विचार नगरी हचुवा किसिमले आयोजनाहरू लिने प्रचलन रहेको छ । यो प्रवृत्ति आर्थिक विकृतिको एक नमूना हो । आर्थिक विकासको यस्तै ढाँचा र सोचाइको परिणामस्वरूप देशमा ठूलाठूला आयोजनाहरू पनि थालिए । तर कतिपय यस्ता आयोजनाहरू न त समयमा नै सम्पन्न हुन सके न त तिनको प्रतिफल जनतासम्म पुग्न सक्यो । विकास कार्य यसरी पूँजी-प्राधान्य बन्दै गएको छ र यो दिनानुदिन धान्नै नसक्ने किसिमले महङ्गो हुँदैछ । कुल राजस्वको करीब ७५ प्रतिशत साधारण खर्चको निम्ति व्यहोर्नु पर्ने भएकोले विकास कार्यको लागि चाहिने रकम आन्तरिक साधनबाट जुटाउन सकिएको देखिंदैन । यस्ले गर्दा पनि विकास आयोजनाबाट आशा गरे अनुसार प्रतिफल अर्थ-व्यवस्थाले पाउन सकेको छैन । विकास बजेट तर्फ पनि तलब भत्ता, अनुदान, मर्मत संभार जस्ता सालबसाली खर्च कै बाहुल्य रहन गएको देखिन्छ । सरकारी संस्थानहरूको स्थिति पनि राम्रो छैन। कतिपय सरकारी संस्थानहरू एकातिर घाटामा चलि रहेका छन् भने अर्कोतिर उद्देश्य अनुरूप यस्ता संस्थानहरूले जनतालाई न त राहत दिन सकेका छन् न त सरकारको विकास प्रयासमा सघाउ नै गर्न सकेका छन् । उल्टै सरकारले यी संस्थानहरूको संचालन खर्चको निम्ति ठूलो धनराशी प्रत्येक वर्ष व्यहोरी राखेको छ। आर्थिक दृष्टिकोणले फाइदा नहुने कार्यक्रम, अनुत्पादक खर्च र प्रशासनीक खर्चहरूमा कटौती र संस्थानहरूले बोकाएको वित्तिय दायित्वको बोझ कम नगर्ने हो भने सरकारले ठूलो मात्रामा न्यून वित्त परिचालन गरी खर्चको निम्ति रकम जुटाउनु पर्ने हुन्छ जुन कुनै पनि दृष्टिकोणले स्वस्थ अर्थतन्त्रको निम्ति हितकर हुँदैन । यी नै वास्तविकतासंग हामीले जुध्नु परेको छ र यो चुनौतिलाई सामना गर्न सरकार पछी पर्ने छैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. प्रजातान्त्रिक परिपाटी अन्तर्गत विकास प्रकृयामा जनसहभागिता भएन भने विकास प्रयास सफल र टिकाउ हुन सक्तैन । विकासलाई फलदायी र जनमुखी बनाउने हो भने विकास आयोजनाको छनौट देखि तिनको कार्यान्वयनसम्म, विकास कार्यको लागि साधन जुटाउने देखी साधनको बाँडफाँड र उपयोग गर्ने जस्ता कार्यमा जनता सहभागी हुन सक्ने वातावरण बनाउनु अनिवार्य हुन्छ । तसर्थः यो सरकारको दृष्टिमा जनसहभागितामा आधारित स्थानीय संस्थाहरु नै ग्रामीण विकासको मेरुदण्ड हुनेछन् र तिनीहरुबाटै स्थानीय विकासका कार्यहरु संचालन र संवर्द्धन हुनेछन् । यसका लागि स्थानीय सामूदायिक संगठन, साझा संघ-संस्था र उपभोक्ता समूहजस्ता स्वशासीत र आत्मनिर्भर इकाइहरु संगठीत हुनु आवश्यक छ । यस्ता संस्थाहरुको स्वस्फूर्त विकास र प्रवर्धनमा समाजसेवी, गैह्र सरकारी सामाजिक र विकास संस्था र राजनैतिक संगठनहरुको अहम् भूमिका हुनु पर्ने देख्दछु ।

७. देशको राजनैतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक परिवेश समेट्ने प्रजातान्त्रिक समाजवादको आर्थिक संरचना मिश्रित अर्थ-व्यवस्था हो । तर यस आर्थिक व्यवस्थामा पनि साधनको कुशलता बढाई उत्पादन वृद्धि गर्न बजारमुखी र प्रतिस्पर्धात्मक आर्थिक क्रियाकलापमा निजी क्षेत्रले प्रमुख भूमिका खेल्नु पर्दछ । केही खास खास आधारभूत सेवा, विकासका आधारशीला, ग्रामीण क्षेत्रका गरीब तथा विपन्न वर्गको आर्थिक स्थिति सुधार्ने कार्यमा टेवा दिने र सुरक्षाको दृष्टिकोणले महत्वपूर्ण स्थान ओगट्ने सेवा र उद्योगहरुमा भने सरकारी संलग्नता रहने छ ।

८. मिश्रित अर्थ-व्यवस्थाको बजारोन्मुख र प्रतिस्पर्धात्मक आर्थिक संरचनाको माध्यम तथा जनतालाई निरन्तर सहभागी गराउने विकास प्रक्रियाद्वारा देशका बहुसंख्यक गरीब, निमुखा, ग्रामीण जनतासम्म विकासको प्रतिफल पु-याउने प्रयास यो बजेटको आधारभूत सिद्धान्त हो । देशमा विद्यमान असमान आर्थिक सम्बन्धका कारणले गर्दा राष्ट्रिय उत्पादनमा वृद्धि नै भएपनि आर्थिक र सामाजिक न्याय गरीब र निमुखा जनतासम्म पुग्न पाउँदैन । त्यसैले ग्रामीण अर्थ-व्यवस्थालाई गतिशील तुल्याई, उत्पादन र वितरण प्रणालीलाई गरीब तथा विपन्न समुदाय प्रति लक्षित गराउन सरकार प्रयत्नशील रहनेछ। सरकारको विकास प्रयासहरु देशमा विद्यमान कहालीलाग्दो गरीबी क्रमशः समाप्त गर्ने खालका कार्यक्रमहरु तर्फ परिलक्षित हुनेछन् । यस उद्देश्यका निम्ति सरकारले मूलतः प्राथमिक शिक्षा, प्राथमिक स्वास्थ्य सेवा, स्वच्छ पिउने पानी, ग्रामीण यातायात, पर्यावरण संरक्षण, कृषि, घरेलु उद्योग र उत्पादन तथा आयमूलक कार्यक्रमलाई प्राथमिकता दिने नीति अपनाउने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उद्देश्यहरु ।

माथि उल्लेखित निर्देशक सिद्धान्तलाई आधारमानी यस बजेटमा निम्न उद्देश्यहरु राखिएका छन् ।

क. राष्ट्रिय विकासको मूलधारामा सर्वसाधारण जनतालाई सहभागी गराउने र विकासको प्रतिफल जनताको घर दैलोमा पु-याउने ।
ख. सर्वसाधारणको आर्थिक कठिनाइ कम गर्ने ।
ग. निजीक्षेत्रको सहभागितामा वृद्धि गराई राष्ट्रिय अर्थतन्त्रलाई अझबढी उदार र गतिशील बनाउने ।
घ. अनुत्पादक खर्च वृद्धिमा नियन्त्रण गरी प्रशासनिक खर्च र विकास लगानीको बीचमा विवेकशील सन्तुलन कायम् गर्ने ।
ङ. राजस्व प्रशासनलाइ सरल, सक्षम र सुदृढ बनाई आन्तरिक श्रोतको परिचालनमा वृद्धि गर्ने ।

यस बजेटमा समावेश गरिएका कार्यक्रममा नीतिगत सुधारहरु, खर्चको बाँडफाँड, राजस्व परिचालन र मौद्रिक तथा वित्तीय नीतिहरु यिनै उद्देश्यहरुबाट निर्देशित छन् ।

(क) राष्ट्रिय विकासको मूलधारामा जनसाधारणलाई सहभागी गराउने

(१) सरकारको मूल लक्ष्य अहिलेसम्म विकासको मूलधाराबाट अलग रहेका र विकासको फलबाट बन्चित रहेका क्षेत्र र वर्गको हित गर्नु हो भन्ने कुरा माथि नै उल्लेख गरी सकेको छु । तसर्थ विकास लगानीको ठूलो हिस्सा आर्थिक सामाजिक दृष्टिकोणले पिछडिएका क्षेत्रहरुमा न्यूनतम आर्थिक र सामाजिक सेवा पु-याउनुमा खर्च गर्ने नीति अनुरुप विकास खर्चको बाँडफाँडमा शहरी क्षेत्रको तुलनामा ग्रामीण क्षेत्रको हिस्सामा वृद्धि ल्याउने प्रयास गरेको छु । स्वच्छ खानेपानी, ग्रामीण यातायात, सिंचाई, शिक्षा र स्वास्थ्य सेवामा क्रमिक रुपमा खर्च बढाउँदै लाने नीति बजेटमा लिएको छु ।

(२) गएको आम निर्वाचनको सिलसिलामा ग्रामीण जनताका आवश्यकताहरु र विकास चाहनाहरु अभूतपूर्व रुपमा अभिव्यक्त भए । यी विकास आकांक्षाहरु मध्ये यातायात सुविधा प्रमुख हो । यातायातको विकास बीना आन्तरिक बजार व्यवस्थाको विस्तार तथा विकासको प्रतिफल गाउँघर सम्म पुग्न सक्दैन । तसर्थ राष्ट्रियस्तरमा सडक निर्माण कार्यहरुलाई योजनाबद्ध रुपमा कार्यान्वयन गर्न वृहत् राष्ट्रिय सडक यातायात आयोजना तैयार गरिनेछ। ग्रामीण स्तरमा संचालन हुने सडक आयोजनाहरु छानिदा प्राविधिक दृष्टिकोणले उपयुक्त र पर्यावरणलाई प्रतिकूल असर नपरोस भन्ने दृष्टिले प्रत्येक जिल्लाका

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लागि पनि सडक विस्तार योजना (Road Network Plan) तैयार पारी निर्माण कार्य अगाडी बढाउने तर्फ ध्यान दिइने छ। अहिलेसम्म मोटर सडकको सुविधाबाट बंचितभएका जिल्ला सदर मुकामहरूमा सकेसम्म चाँडो सडक पु-याउने नीति अनुरूप आगामी आर्थिक वर्ष भित्र चार ओटा जिल्लाका सदरमुकाममा मोटर चल्ने सडक पूर्ण रूपले पुग्ने छन् भने एघार जिल्लाहरूका सदरमुकामहरू जोड्ने सडक निर्माण कार्य शुरू गरिनेछ।

(३) त्यस्तै उत्पादन क्षेत्रलाई बजार संग आवद्ध गरी उत्पादन बृद्धिका लागि प्रोत्साहन गर्न र सकेसम्म बढी जनतालाई यातायातको सुविधा पु-याउने दृष्टिकोणले ग्रामीण यातायात विकाशलाई विशेष जोड दिइने छ। तर देशको वित्तीय स्थिति, उपलब्ध साधन र त्यसको परिचालन संभावनालाई दृष्टिगत गर्दा सरकारी प्रयासले मात्र यो संभव हुंदैन। स्थानिय महत्वका निर्माण कार्यमा पूर्ण रूपले सरकारी अनुदानमा निर्भर रहने हो भने मोटर बाटो, खानेपानी, सिंचाइ जस्ता न्यूनतम आवश्यकता पूरा गर्न पनि निकै लामो समय पर्खनु पर्ने हुन्छ। त्यसैले यस्ता आधारभूत एवम सार्वजनिक परियोजनाहरूमा सरकार र जनताको संयुक्त सहभागिता र साझेदारी हुनु जरूरी छ। यो अनुभव सिद्ध कुरा हो कि शुरू देखि नै जन सहभागिताको आधारमा संचालित परियोजनाहरू दीर्घकालीन रूपमा फलदायी हुन्छन् र जनताले यस्ता परियोजनाहरूलाई आत्मसात गर्छन् र पछि सम्म मरम्मत संभारमा सहभागी हुन्छन्। यस वास्तविकतालाई ध्यानमा राखी जनसहभागिताको आधारमा हुने जिल्लास्तरीय सडक निर्माणको लागि मेशीन औजार, बजारबाट खरिद गर्नु पर्ने निर्माण सामग्री, ढुवानी र प्राविधिक शीप, सुपरिवेक्षण र संचालन गर्नको लागि अनुदान दिने व्यवस्था गरिएको छ। जिल्लास्तरीय सरकारी कार्यालय, जिल्ला विकाश समिति र उपभोक्ता समूहको समन्वयात्मक प्रयासमा संचालन हुने यस्ता परियोजनाहरूमा आवश्यक श्रम जन सहभागिताको आधारमा जुटाउनु पर्ने छ। यस्तै किसिमको व्यवस्था ग्रामीण स्तरमा संचालन हुने खानेपानी, सिंचाई र अन्य सार्वजनिक निर्माणहरू र तिनका मरमत्त तथा संभार कार्यहरूमा पनि अपनाइने छ।

(४) खालीनालीको विकाशमा उन्नत विउ, मलखाद र सिंचाईको प्रविधिलाई समूचित उपयोग गरी प्रति इकाई जमीनको उत्पादकत्वमा वृद्धि गर्न कृषि अनुसन्धान, प्रसार र तालीम सम्बन्धी कार्यक्रमलाई प्रभावकारी ढंगबाट संचालित गराइने छ। अधिकांश कृषकहरू साना तथा गरीब भएको सन्दर्भमा पशु पंक्षि, फलफूल, तरकारी, नगदेवाली खेती जस्ता व्यवसायको विकासले कृषकहरूको आयमा बृद्धिमात्र गर्दैन कि यसबाट रोजगारीको अवसरमा पनि वृद्धि हुने भएकोले यस्ता व्यवसायहरूलाई अंगाल्न कृषकहरूलाई विशेष आकर्षित गराइने छ। कृषि व्यवसायको निम्ति चाहिने प्रविधि, प्रसार, उन्नत विउ, उन्नत नश्ल, पशुस्वास्थ्य,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मलखाद, औषधी, कृषि ऋण, बजार मूल्यको सूचना जस्ता सेवाहरू यौटै छानो मुनिबाट उपलब्ध गराइने नीति अवलम्बन गरिनेछ ।

कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न सरकारी स्तरमा निर्माण गरिएका सिंचाइ आयोजनाहरूबाट निर्धारित समय तालीका अनुसार पानी वितरण, मरमत संभार गरी सिंचित क्षेत्रको पूर्ण उपयोग गरिनेछ । सिंचाई आयोजनाहरूको निर्माण देखी व्यवस्थापन सम्म कृषकहरूको सहभागिता गराउने नीति लिइने छ र ठूला सिंचाई आयोजनाहरूको संचालन निम्ति गठीत विकाश समितिमा उपभोक्ता समूहको पनि प्रतिनिधित्व गराइने छ। कृषकहरूको उपभोक्ता समूहलाई संचालनमा आएका साना तथा मझौला सिंचाइ आयोजनाहरूको मर्मत तथा संभार र व्यवस्थापन हस्तान्तरण गर्ने प्रकृयामा तीव्रता ल्याइनेछ ।

(६) कृषि सामग्री, कृषि पैदावार वस्तुहरूको खरिद बिक्री तथा संचयको लागि सहकारी, साझा संघ संस्था र उपभोक्ता समूह संगठन गर्न प्रोत्साहन गरिनेछ र स्थापना भइसकेका साझा-सहकारी वा उपभोक्ता समूह जस्मा सरकारी हस्तक्षेप भएका छन, स्थानीय जनता आफैले संचालन गर्न छाडिनेछ ।

(७) आयोजनाहरूको कार्यान्वयन समयमा नै नहुनाले पनि विकाशको प्रतिफल जनतामा पुग्न ढिलाइ हुने र लागत पनि बढ्ने कुरा स्पष्ट छ । यस्तो स्थिति हुन नदिन बोलपत्र आह्हान, स्विकृती र ठेक्का दिने सम्बन्धी निर्णय प्रक्रियालाई छिटो छरीतो बनाउन वर्तमान आर्थिक नियमावलीहरूमा संशोधन गरिनेछ र अधिकारको विकेन्द्रीकरण गरी आयोजना कार्यान्वयनमा मुख्य जिम्मेवारी आयोजना प्रमुखलाई दिइनेछ।

(ख) <u>सर्व साधारणको आर्थिक कठिनाइ कम गर्ने</u> ।

(१) आन्तरिक र बाह्य दुवै कारणहरूको फलस्वरूप बढ्दो मूल्य बृद्धिको चापबाट सर्वसाधारण जनताले भोग्नु परेको कठिनाइ प्रति सरकार सजग छ । खाडी युद्ध, नेपाली रूपैयाँको परिवर्त्य मुद्रासँगको विनिमय दरमा आएको गिरावट, छिमेकी मुलुकको मूल्य स्तर आदि मूल्य बृद्धिका बाह्य कारक तत्वहरू देखिएका छन। वस्तु र सेवाहरूको आपूर्तिमा हुने गुटबन्दी (Cartel) प्रथा, कृत्रिम अभाव आदिको कारणहरूले पनि मूल्य वृद्धि भएको छ । यस्तो कृत्रिम अभाव हटाउन आवश्यक प्रशासनिक व्यवस्था गरिनेछ र गुटबन्दी व्यवस्था व्यापारिक सिद्धान्त प्रतिकूल भएको हुनाले यस्को विरुद्ध कानूनी व्यवस्था गरिनेछ ।

290

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) आपूर्ति व्यवस्था अपर्याप्त भएमा पनि मूल्य वृद्धि हुने भएकोले सर्वसाधारणका लागि अत्यावश्यक पर्ने वस्तुहरूको आपूर्ति वृद्धि गर्न सरकारले समयमा नै स्वदेशी र विदेशी श्रोतबाट यस्ता वस्तुहरूको खरिद गरी बिक्री वितरण गर्ने नीति लिएको छ । यस संदर्भमा यो सरकार बहाली भएको केही दिन भित्र नै देशमा रासायनिक मलको कमीबाट किसानलाई पर्न गएका कठिनाइलाई ध्यानमा राखी तदारूकताका साथ भारतबाट तीस हजार मेट्रिक टन मलखाद पैठारी गर्ने व्यवस्था मिलाएको सर्व विदितै छ। मलखादको माग बढ्दै गएको संदर्भमा देश भित्रै मझौला खालको मलखाद कारखाना खोल्ने तर्फ आवश्यक कदम लिइनेछ ।

(३) सरकार, उद्योग-व्यापारी र उपभोक्ता प्रतिनिधि बीचको वार्ताको थालनी भएको छ र सम्बन्धित सबै पक्षबाट मूल्य स्थिरता कायम राख्नु पर्ने आवश्यकता माथि समझदारी भएको छ। आपूर्ति मन्त्रालयको संयोजकत्वमा अत्यावश्यक उपभोग्य वस्तुहरूको मूल्य अनुगमन कार्य भइरहेको छ । उपभोक्ताको हितलाई ध्यानमा राखी मूल्य वृद्धि हुने प्रवृत्ति नियन्त्रण गर्न सरकारले विभिन्न कदमहरु चालि रहेको छ र कृत्रिम मूल्य वृद्धि हुन नदिन सरकार विशेष जागरूक छ । तर नियन्त्रणमूलक अर्थ-व्यवस्थामा अनेक विकृति उत्पन्न भई जनताले झन्झटको सामना गर्नु पर्ने स्थिति हुन जाने हुनाले प्रतिस्पर्धात्मक अर्थ-व्यवस्थाको विकास गर्ने तर्फ सरकार मूलतः प्रयत्नशील रहनेछ ।

(४) नेपाली काँग्रेस सरकारमा आएदेखि नै जनतालाई राहत दिन विभिन्न कदमहरु अपनाइ रहेकै बखतमा हालै भारतीय मुद्राको ठूलो अवमूल्यनको फलस्वरुप नेपाली रूपैयाँमा भएको विनिमय दर समायोजनले गर्दा मूल्य वृद्धि घटाउने सरकारी प्रयासमा बाधा उत्पन्न भएको छ । साथै आगामी दिनहरूमा भारतले लिन सक्ने समायोजन कदमहरूको पनि प्रत्यक्ष प्रभाव हाम्रो अर्थ व्यवस्थामा नपरि रहन सक्तैन । यी प्रभावहरूको अनुगमन र अध्ययन गरी हाम्रो राष्ट्रिय अर्थ नीतिको समयमा नै समष्टिगत रूपमा पुनरावलोकन र समायोजन हुनु पर्ने आवश्यकता तर्फ सरकार सजग छ । यस संदर्भमा विचार गर्दा आगामी दिनहरूमा सरकारले अपनाउने आर्थिक नीतिहरुबाट आर्थिक कठिनाई पनि पर्न सक्नेछन् तर कालान्तरमा स्वस्थ आर्थिक विकासको लागि भने अनुकूल प्रभाव पार्ने छ । नेपाली मुद्राको परिवर्त्य मुद्रासंग भएको अवमूल्यनबाट अहिले देखा पर्न लागेको आर्थिक कठिनाइलाई ध्यानमा राखी जनसाधारणको राहतका लागि प्रस्ताव गरिएका कर सम्बन्धी नीतिहरूको छुट्टै विवेचना गर्नेछु ।

(५) हाल संचालन भै रहेका प्राथमिकता क्षेत्र कर्जा, साना किसान विकास आयोजना, सघन बैंकिङ्ग र महिला विकास कार्यक्रमको प्रभावकारिताको विस्तृत अध्ययन गरिनेछ र विपन्न वर्गका लागि प्रवाहित हुने कर्जा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कार्यक्रमलाई बढी जनमुखी र प्रभावकारी बनाउन आवश्यक देखिएमा एक छुट्टै निकाय स्थापना गरिनेछ।

(६) निम्न आय भएका सर्वसाधारण जनताको बोझ हल्का गर्ने सरकारको नीति अनुरूप साना किसान विकास आयोजना, सघन बैंकिङ्ग कार्यक्रम र ग्रामीण महिला विकास कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०४८।४९ भित्र दश हजार रूपैयाँसम्मको कर्जामा प्रचलित ब्याजदरको एक-तिहाइ ब्याज अनुदान दिइने छ। त्यस्तै ग्रामीण क्षेत्रमा सबैभन्दा विपन्न वर्गले गलैंचा उद्योगको लागि उनी धागो कात्ने चर्खा र उन, हस्तकला, सूक्ष्म रूपका सिलाई-बुनाई, साना कृषि व्यवसाय जस्ता आयमूलक रोजगारीको निम्ति लिएको दुई हजार पाँच सय रूपैयाँसम्मको ऋणमा प्रचलित ब्याजदरमा ८० प्रतिशत मिन्हा गरिनेछ। यसबाट आयमूलक रोजगारीको अवसर मिल्नुका साथै निर्यातमूलक उद्योगहरूलाई पनि केही सघाउ पुग्न जाने छ । ब्याजमा दिइने अनुदानको व्ययभार सरकारले व्यहोर्ने छ ।

(७) वन जंगलको अव्यवस्थित रूपमा गरिएको फडानीबाट वातावरण, भू-क्षयको अतिरिक्त काठ-दाउरा आपूर्तिको कमीले विशेष रूपमा ग्रामीण क्षेत्रलाई प्रभावित गरेको छ। वैकल्पिक उर्जा विकासको क्रममा ग्रामीण विद्युतीकरणको थालनी भइसकेको छ तापनि अल्पकालीन अवधिमा यस क्षेत्रबाट प्रभावकारी रूपमा योगदान पुग्न नसक्ने हुनाले गोबर ग्याँस कार्यक्रमलाई ग्रामीण परिवारहरूको पहुँच भित्र पु-याउनका लागि आगामी वर्षमा ग्रामीण क्षेत्रमा निर्माण गरिने बीस घन मिटर सम्मको प्रत्येक गोबर ग्याँस संयत्र निर्माणको लागि सात हजार रूपैयाँ पूँजी अनुदान दिने व्यवस्था मिलाइएको छ। साथै सामुदायिक र विकट क्षेत्रमा स्थापना गर्ने संयन्त्रहरूलाई माथि उल्लेखित अनुदानको अतिरिक्त तीन हजार रूपैयाँ थप पूँजी अनुदान उपलब्ध गराइने छ ।

(८) गुठी जग्गाको सम्बन्धमा मोहीहरूलाई परेको कठिनाइ प्रति सरकार सजग छ । परम्परा देखी चल्दै आएका धार्मिक, सामाजिक र सांस्कृतिक कार्यहरूमा खलल नपारी मोहीलाई जग्गा धनीको अधिकार दिलाउन, गुठी अधिनस्थ (राजगुठी अन्तरगतका) देश भरीका जग्गाहरूमा मोहीबाट तिरोको आधारमा रकम लिई मोहीलाई नै जग्गा धनी बनाउने कार्यक्रम आगामी आर्थिक वर्ष देखि लागु गरिनेछ । यो व्यवस्था जग्गामा द्वैध स्वामित्व प्रथा क्रमशः अन्त्य गर्ने कार्यक्रमको शुरूआतको रूपमा लिएको छ ।

(९) सुकुम्वासीहरूलाई बसोबासको व्यवस्था गर्न हाल सरकारको अधिनमा रहेका जमीन मध्ये वन क्षेत्रलाई छुट्याई वास्तविक सुकुम्वासीहरूको पहिचान गरी योजनाबद्ध ग्रामीण आवासको निम्ति जग्गा उपलब्ध गराइने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
292

(१०) निरपेक्ष गरीबीको रेखामुनि रहेका जनताहरूलाई सरकारबाट संचालित विकास कार्यक्रमहरूमा रोजगारीको अवसर प्रदान गर्न यस्ता परिवारहरूको पहिचान गरी उनीहरूलाई रोजगारी दिने कार्यक्रममा प्राथमिकता दिइने छ।

(ग) निजीक्षेत्रको सहभागिता वृद्धि गराउने

(१) निजीक्षेत्रको उद्यमशीलता, परिश्रम, विवेक, शीप तथा कार्यदक्षताको अधिकतम उपयोग नभै देशको आर्थिक विकास दर तीव्र हुन सक्ने कुरा आज विश्व भरिको अनुभवले देखाएको छ । तसर्थ पहिले नियोजित अर्थ व्यवस्थामा विश्वास गर्ने मुलुकहरू पनि अब बजारोन्मुखी अर्थ व्यवस्था तर्फ लम्किरहेका छन् । नेपालमा पनि सरकारी क्षेत्रमा विद्यमान कार्यदक्षताको स्तर र अहिलेसम्मको अनुभवले यो आवश्यकताको पुष्टि गर्दछ।

(२) सरकारी संस्थानहरूमा अहिले बार अरब रुपैयां भन्दा बढीको शेयर लगानी र ८ अरब रुपैयां भन्दा बढीको ऋण लगानी छ । यो ठूलो लगानीबाट प्राप्त हुने लाभांश र ब्याज नगण्य छ । कतिपय संस्थानहरू सरकारी अनुदान नभै चल्न सक्ने अवस्थामा छैनन् । सरकारी उद्योगहरूको क्षमता उपयोग पनि सन्तोषजनक छैन । सरकारले संस्थानहरूमा गरेको लगानीमा गतवर्ष केवल रु. १ करोड २४ लाखको लाभांश प्राप्त भ-यो जुन कुल लगानीको ०.१ प्रतिशत मात्र हो । आर्थिक वर्ष २०४६।४७ मा जम्मा ६४ सरकारी संस्थानहरू मध्ये २७ वटा संस्थानहरू घाटामा थिए र त्यस वर्षको कुल घाटा रु. ७९ करोड ६९ लाख थियो ।

(३) यस पृष्ठभूमिमा हेर्दा सरकारी उद्योग तथा अन्य संस्थानहरूमा सरकारी भूमिका कम गर्दै लगी सरकारी व्ययभार र व्यवस्थापन भार घटाउने र यस्ता क्षेत्रहरूमा निजी क्षेत्रलाई क्रमशः सहभागी बनाउदै लैजानु पर्ने एकातिर स्पष्ट छ भने अर्को तर्फ सरकारले आफ्नै स्वामित्व र व्यवस्थापनमा राख्नु पर्ने जन उपयोगी (Public Utility) संस्थानहरूको व्यवस्थापन सुधार गर्नु पर्ने पनि उत्तिकै जरुरीछ । सरकारी संस्थानहरूको निजीकरण तथा व्यवस्थापन सुधार सम्बन्धमा विभिन्न अध्ययनहरू भैसकेका छन् । यी अध्ययनहरू र नीजिकरण सम्बन्धमा प्रचलित विभिन्न पद्धतिहरूको विश्लेषण गरी नेपालको लागि एक उपयुक्त निजीकरण कार्यक्रम तयार पारी आगामी वर्षमा तीन ओटा सरकारी संस्थानहरू र पांच वटा सरकारी कृषि फार्महरूलाई निजीकरण गरिनेछ। निजीकरण कार्यक्रम बनाउँदा यस्ता संस्थानहरूमा कार्यरत कर्मचारीहरूको हित र संरक्षण तर्फ विशेष ध्यान दिइनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२९२

(४) सरकारी क्षेत्रमा रहने संस्थानहरूको कृयाकलापको अनुगमनको साथै व्यवस्थापनलाई सुदृढ बनाउन, सक्षम व्यवस्थापकहरू, अनुभवी तथा दक्ष संचालकहरूको संचालक समितिमा चयन गराउन र संस्थानहरूको उत्पादन लागत तथा सेवा मूल्यमा निगरानी राख्नको निम्ति उपयुक्त संस्थागत व्यवस्था मिलाइने छ ।

(५) आर्थिक विकासमा निजीक्षेत्रलाई बढी सक्रिय बनाउने नीति अनुरूप नीजिक्षेत्रको पूर्ण स्वामित्वमा वित्त कम्पनी लगायत वाणिज्य बैंक समेत खोल्न अनुमती दिइने छ । यस कदमले आन्तरिक बचत परिचालनमा वृद्धि आउनुको साथै वित्तिय कारोबारमा बढी प्रतिस्पर्धा आउनुको साथै बैंकिङ् क्षेत्रको कार्यदक्षतामा वृद्धि हुन गई बैंकहरूको क्रियाकलाप छिटो छरितो र ग्राहकोन्मुख बन्नेछ भन्ने विश्वास लिइएको छ ।

(६) विदेशी मुद्राको सम्बन्धमा पनि समायानुकूल सुधार गरिने दृष्टिले व्यवसायिक श्रोत लगायत अन्य आधिकारिक श्रोतहरूबाट नेपाली नागरिकहरूले आर्जन गरेको विदेशी मुद्रालाई बिना छुने बन्देज नेपाली बैंकहरूमा खाता खोल्न र कारोबार गर्न दिइने छ । यस व्यवस्थाले नेपालीहरूले आर्जन गरेको विदेशी मुद्रा देशको संस्थागत परिवेश भित्र आउन प्रोत्साहन मिल्नेछ र देशमा परिवर्त्य मुद्राको संचिति बढ्नेछ ।

(७) भिटीगुण्टा सुविधाको दुरूपयोग गरिएको देखिएकोले भिटीगुण्टा व्यवस्थामा सुधार गरिएको छ । साना व्यापारीहरूलाई व्यापार प्रक्रियाको मूलधारामा समेट्नको लागि केही निश्चित सामानहरू पैठारी गर्न लाईसेन्स उपलब्ध गराउनुको साथै बोलकबोल प्रणाली अन्तर्गत विदेशी मुद्रा उपलब्ध गराउने प्रवन्ध मिलाइने छ । विदेश भ्रमणमा जाने नेपालीहरूलाई दिइआएको विदेशी मुद्रा सटही सुविधामा वृद्धि गरिनेछ । आयात लाईसेन्सको लागि प्रचलित व्यवस्थामा हुने झन्झट र ढिलाइलाई ध्यानमा राखी व्यक्तिगत प्रयोगको लागि ल्याइने वस्तुहरूको लाईसेन्स त्रिभुवन विमान स्थलमानै सरल ढंगबाट दिइने व्यवस्था मिलाइने छ ।

(८) परिवर्त्य विदेशी विनिमय भुक्तानीको आधारमा निकासी हुने वस्तुहरू मध्ये उनी गलैंचा, तैयारी पोशाक र चाँदीका गहना बाहेक अन्य सबै स्वदेशी वस्तुहरूको निकासीमा प्रचलित न्यूनतम मूल्याङ्कन प्रथालाई सरलीकरण गरी व्यापार प्रवर्द्धन केन्द्रले तोकेको निकासी मूल्यलाई नै मान्यता दिइने छ । यस व्यवस्थाबाट निकासी कर्ताहरूलाई अन्तरराष्ट्रिय बजारमा मूल्य परिवर्तन अनुरूप र देशमा हुने खर्च अनुसारको मूल्यमा बराबर परिवर्तन गरि रहनु पर्ने प्रक्रियागत झन्झटबाट ठूलो राहत मिल्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४१

(९) निर्यात प्रवर्द्धनको लागि आगामी आर्थिक वर्षमा निर्यात प्रवर्द्धन क्षेत्रको निमित्त प्रारम्भिक कार्यहरु (जग्गा खरिद लगायत पूर्व निर्माण कार्यहरु) शुरु गरिने छन् । निर्यात व्यापार प्रक्रियामा सरलीकरण गरिनेछ ।

(१०) नेपालमा विदेशी लगानीकर्ताहरुलाई आकर्षित गर्ने अभिप्रायले उनीहरुलाई प्रदान गरिने सबै प्रकारको सेवाहरु र सहुलियत एक निकाय मार्फत दिइने व्यवस्था मिलाउन एक द्वार प्रणाली अझै पनि स्थापना हुन सकेको छैन । यो प्रणालीलाई आगामी आर्थिक वर्ष भित्र नै स्थापना गरी प्रभावकारी रुपबाट संचालन गर्न आवश्यक प्रशासनिक तथा कानूनी व्यवस्था मिलाइने छ । यो व्यवस्थाबाट विदेशी लगानी कर्ताहरुलाई बढी सुविधा पुग्ने छ भन्ने विश्वास लिइएको छ ।

(११) औद्योगिक इजाजत पत्र लिन लामो समय लाग्ने भएकोले लगानी कर्तालाई औद्योगिक लगानीमा प्रोत्साहन दिन विदेशी मुद्राको संचितिलाई समेत ध्यानमा राखी कुल कच्चा पदार्थको ५० प्रतिशत भन्दा कमका लागि परिवर्त्य मुद्रा चाहिने उद्योगहरुलाई इजाजत पत्र लिन नपर्ने व्यवस्था गरिनेछ। यस व्यवस्थाबाट वास्तवमा बढी स्वदेशी कच्चा पदार्थको उपयोग गर्ने उद्योगको संख्यामा वृद्धि हुन गै अर्थतन्त्रमा अनुकूल प्रभाव पर्नेछ।

(१२) परिवर्त्य मुद्राको विनिमय दरमा भएको परिवर्तनबाट सरकारी तथा गैर सरकारी क्षेत्रका संस्थान तथा उद्योगहरुलाई पर्न सक्ने दुरगामी प्रभावहरुलाई दृष्टिगत गरी त्यस्ता संस्थान तथा उद्योगहरुले वैदेशिक ऋण रकम तत्काले भुक्तानी गर्न चाहेमा आवश्यक विदेशी मुद्राको सटही सुविधा उपलब्ध गराइनेछ ।

(१३) विनिमय दरको परिवर्तनबाट अर्थ-व्यवस्थाले वाञ्छित लाभ हासिल गर्न आगामी दिनहरुमा आर्थिक स्थिरतामा जोड दिनु पर्ने हुन्छ । यसको लागि आन्तरिक साधनको अधिकतम परिचालन गर्ने, पूँजीको कुशलतामा वृद्धि गर्ने, समाजका विपन्न वर्गको आर्थिक उत्थानको लागि उत्पादनशील तथा प्राथमिकता प्राप्त क्षेत्रतर्फ कर्जा प्रवाहमा वृद्धि गर्ने तथा मौद्रिक विस्तारको दरलाई वाञ्छित सीमा भित्र राखी आन्तरिक तथा बाह्य सन्तुलन कायम गर्ने उद्देश्य अनुरूपको मौद्रिक नीति अवलम्बन गरिनेछ । देशको समग्र आर्थिक क्रियाकलापमा सकारात्मक प्रभावपार्न बैंकिङ्ग तथा वित्तीय क्षेत्रको सुधार गर्ने क्रम अगाडी बढाइनेछ । अर्थतन्त्रलाई प्रतिस्पर्धात्मक बनाउँदै लैजाने सरकारको नीति अनुरूप एक मध्यावधिक आर्थिक कार्यक्रम तर्जुमा गरिनेछ । यसै क्रममा हालको वित्तीय, कृषि, उद्योग, व्यापार जस्ता नीतिहरुको पुनरावलोकन गरी प्रचलित ऐन नियमहरुमा आवश्यक संशोधन गरिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गराउने व्यक्ति तथा फर्मलाई कुनै किसिमको दण्ड, जरिवाना लगाइने छैन । एक लाख रुपैयाँसम्म वार्षिक आय भएका व्यक्तिहरूको आयकर निर्धारण पेश भएको विवरणको आधारमा गरिनेछ । तर उक्त अवधिभित्र आय विवरण पनि दाखिल नगर्ने कर कार्यालयमा दर्ता पनि नगर्ने करदाताहरूलाई कडा कानूनी कारवाही गरी असूल गरिनेछ ।

(५) आयकरमा दर्ता नभएका व्यक्ति वा पार्टीसंग सरकारी संस्थानहरू लगायत कुनै पनि सरकारी निकायले खरिद, बिक्री, परामर्श सेवा लगायत कुनै पनि कारोबार नगर्ने व्यवस्था गरिनेछ ।

(६) हालसम्म पेश भएका तर फछ्र्यौट गर्न बाँकी आय विवरणहरू २०४८ पौष मसान्तसम्म फछ्र्यौट गरी सक्नु पर्ने व्यवस्था गरिनेछ। कर फछ्र्यौट र संकलनमा ढिलाइ आउन नदिन आय विवरण पेश भएको तीन महिना भित्र नै कर कार्यालयले फछ्र्यौट गर्नु पर्ने कानूनी व्यवस्था मिलाइनेछ । त्यस्तै बक्यौता कर तदारुकताका साथ असूल गर्नको लागि पनि तुरुन्तै एक कार्यक्रम बनाई २०४८ आषाढ मसान्त सम्मको बक्यौता लगतको आधारमा कर असूल गर्ने अभियान चलाइने छ । आयकर, बिक्रीकर, अन्तशुल्क र होटेल कर अन्तर्गत तिर्नुपर्ने बक्यौता रकम आगामी आश्विन मसान्त भित्र बुझाएमा त्यसमा लाग्ने शुल्क र जरिवाना मिन्हा गरिनेछ।

(७) आगामी आर्थिक वर्ष देखि पारिश्रमिक आय, घरजग्गा बहाल आय, सेक्युरिटी खरिद बिक्री केन्द्रमा सूचीकृत भएका वा सूचीकृत नभएको भएतापनि पब्लिक लिमिटेड कम्पनी वा संस्थाको रूपमा स्थापना भएका कम्पनी वा संस्थाहरूको आयमा करदाताले नै स्वयं कर निर्धारण प्रक्रियाको आधारमा आफैले कर निर्धारण गरी आयकर दाखिल गर्ने व्यवस्था लागु गरिनेछ । यसरी कर निर्धारण भएकोमा कर कार्यालयले नै कर निर्धारण गरेको सरह मानिने छ तर कर कार्यालयबाट यस्ता करदाताको समय समयमा छानबिन गरिनेछ र कर छलेको प्रमाणित भएमा छलिएको प्रमाणित भएजति करमा शत प्रतिशत जरिवाना गरी असूल उपर गरिनेछ ।

(८) हाल विभिन्न विभाग र कार्यालयहरूले राखि आएको तथ्याङ्क र जानकारीहरू एक अर्का निकायसंग भिडाउन र मिलाउन नसक्दा औद्योगिक स्थितिको यथार्थ जानकारी प्राप्त गर्न समस्या परिरहेको मात्र होइन यसबाट राष्ट्रलाई के कति राजस्व प्राप्त हुनु पर्ने हो र कति प्राप्त भएको छ त्यो थाहा पाउन पनि सजिलो छैन । यो अवस्थामा सुधार ल्याउन आगामी वर्ष देखि कम्प्यूटरको माध्यमबाट केन्द्रिय एकीकृत सूचना प्रणालीको व्यवस्था गरिनेछ । यस प्रणाली अन्तरगत व्यापारिक, औद्योगिक एवं सुविधा सम्बन्धी आयात, परिवर्तित मुद्रा उपलब्ध गराएको विवरण, कर छुट पाएको विवरण, तथा उद्योगको कच्चा पदार्थ उपयोग-उत्पादन दर (Input Output Ratio) जस्ता प्रमुख

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तथ्याङ्कहरु राखिने छ र सम्बन्धित विभागहरूलाई उपलब्ध गराइने छ । सूचना प्रणालीको यथार्थ जानकारीको आधारमा कर नीतिहरु र त्यसको प्रभावकारिता बारे निरन्तर अनुगमन तथा मूल्याङ्कनको व्यवस्था गरिनेछ।

(९) औद्योगिक उत्पादन तथा वैदेशिक व्यापारमा भएको अभिवृद्धिले गर्दा राजस्व संकलनमा बिक्रीकर उल्लेखनीय रूपले वृद्धि भइरहेको छ । यस परिप्रेक्ष्यमा वर्तमान बिक्रीकर प्रशासनलाई कर विभागमा राखी राख्न वाञ्छनिय नभएकोले आगामी आर्थिक वर्ष भित्र बिक्री करको लागि एउटा छुट्टै विभाग खडा गरिनेछ । यस व्यवस्थाबाट बिक्रीकरको प्रशासन बढी सक्रिय एवं प्रभावकारी तथा केन्द्रीभूत भई राजस्व परिचालनको साथै बिक्री कर दाता समेतलाई यसबाट ठूलो मद्दत मिल्नेछ ।

(१०) राजस्व सम्बन्धी प्रस्तावित अन्य नीतिगत सुधारहरूको विवेचना पछि छुट्टै गर्नेछु ।

<u>आर्थिक वर्ष २०४८।४९ को व्यय अनुमान र त्यसमा निहित कार्यक्रम</u>

१. मैले माथि उल्लेख गरे बमोजिमका नीति र नीतिगत कार्यक्रमको कार्यान्वयनबाट उत्पादन वृद्धि भई अर्थ व्यवस्थामा स्थिरता आउने र ग्रामीण क्षेत्रका गरीब, साना र विपन्न वर्गका जनताको रहन-सहनमा सुधार आउनेछ भन्ने विश्वास लिएको छु ।

२. आगामी वर्षको कार्यक्रमहरूको लागि साधनको बाँडफाँड गर्दा मैले अनुभव गरेका बाध्यताहरु बारे संक्षेपमा उल्लेख गर्न चाहन्छु । हाल हाम्रो उत्पादनशीलता एकातिर ज्यादै न्यून रहेको छ भने सालबसाली खर्चमा भएको वृद्धिले गर्दा अर्कोतिर विकासको निम्ति उपलब्ध पूँजी पनि ज्यादै कम छ । पूँजी लगानीको अनुपातमा उत्पादन वृद्धि (Incremental Capital Output Ratio) करीब ४.५ रहेको छ । साधारण खर्चमा प्रति वर्ष १८.२ प्रतिशतले वृद्धि हुँदै गएकोले आन्तरिक राजस्वको बचत ज्यादै कम छ । विकास खर्चमा पनि तलब र अन्य सेवाहरूले ३२ प्रतिशत ओगटेकोले पूँजी निर्माणको लागि कुल विकास बजेटको ४० प्रतिशत मात्र उपयोग हुन सक्छ। विदेशी सहायताबाट संचालित विकास आयोजनाहरूको निम्ति सरकारले व्यहोर्नु पर्ने हिस्सा पनि पुरा रूपले व्यवस्था गर्न कठिनाई परिरहेको छ । यसले गर्दा विदेशी सहायताको उपयोग समयमा नै गर्न नसकिने तथा आयोजनाहरूको लागतमा वृद्धि हुन गई राष्ट्रले ठूलो नोक्सान व्यहोर्न पर्ने तथ्यलाई खर्चको बाँडफाँड गर्दा मैले ध्यान दिएको छु । यीनै बाध्यताले गर्दा जनताको बढ्दो आकांक्षालाई यो बजेटले आंशिक रूपले समेट्न नसकेको पनि हुन सक्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. बढ्दो प्रशासकिय खर्च, साँवा ब्याजको भुक्तानी र सीमित सरकारी आयले गर्दा विकास कार्यक्रमहरूलाई एकातिर विस्तार गर्न सकिएको छैन भने अर्कोतिर समयको अभावले गर्दा चालु कार्यक्रमहरूको विश्लेषण गरी अनुत्पादक आयोजनाहरू र कार्यालयहरूलाई कटौती पनि गर्न सकेको छैन । अर्थ व्यवस्थालाई सन्तुलनमा राख्न सरकारी खर्चको न्यून (Deficit) लाई कुल राष्ट्रिय गार्हस्थ्य उत्पादनको १.८ प्रतिशत भित्र राखी जनतालाई दिएको प्रतिबद्धताको आधारमा न्यायोचित तरीकाबाट खर्चको बाँडफाँड गरी आर्थिक दिशाबोध गर्ने प्रयास गरेको छु । उपलब्ध साधनको बाँडफाँड गर्दा ग्रामीण क्षेत्र तर्फ ७० प्रतिशत विकास खर्च प्रवाहित गर्ने तर्फ विशेष प्रयास गरेको छु ।

४. आगामी वर्षको लागी सरकारी कुल खर्च जम्मा रू. २६ अरब ६४ करोड ९ लाख हुने अनुमान प्रस्ताव गरेको छु जसमध्ये साधारण तर्फ रू. ९ अरब ७४ करोड ४८ लाख र विकास बजेट तर्फ रू. १६ अरब ८९ करोड ४० लाख खर्च गर्ने प्रस्ताव राखेको छु । विभिन्न शिर्षकहरूमा हुने खर्चको विस्तृत विवरण अनुसूची ३ र ४ मा र बजेट विवरणको किताबमा दिएको छु । मुख्य मुख्य क्षेत्रमा साधारण र विकास बजेटबाट हुने खर्च र कार्यक्रम संक्षेपमा यहाँ उल्लेख गर्दछु।

५. साधारण बजेटमा सालबसाली खर्चहरू पर्ने हुँदा ब्याज र विनिमय दरमा भएको ठूलो परिवर्तन र मूल्य बृद्धिका कारणले गर्दा कटौती गर्ने त्यति गुन्जायस छैन । साधारण तर्फ तलब भत्तामा रू. २ अरब ८० करोड ५ लाख व्यवस्था गरेको छु । साँवा ब्याज भुक्तानी चालू वर्षको रू. २ अरब ४७ करोड ३१ लाखबाट आगामी वर्ष रू. ३ अरब ७९ करोड ७१ लाख पुग्न गएको छ । यो साधारण बजेटको ३९ प्रतिशत र राजस्वको ३०.७ प्रतिशत हुन आउँछ । शाही सेनाको निम्ति रू. १ अरब ४२ करोड ९६ लाख प्रस्ताव राखेको छु । देशमा अमनचयन कायम गर्न शान्ति सुरक्षाको विश्वास जनतामा जगाउनु पर्ने आजको आवश्यकतालाई र मूल्य बृद्धिलाई समेत मनन गरी शान्ति सुरक्षाको निम्ति प्रहरी तर्फ रू. १ अरब १५ करोड ९८ लाख खर्च गर्ने प्रस्ताव गरेको छु ।

६. राष्ट्रिय उत्पादनमा स्थायित्व ल्याई वितरण प्रणालीमा समाजका तल्लो तहलाई समेत समेट्ने गरी सुधार कसरी ल्याउने भन्ने प्रश्न नै आज हाम्रो सामु चिन्ताको विषय हुन आएको छ । तसर्थ आगामी वर्षहरूमा हाम्रो सम्पूर्ण प्रयास सरकारले अपनाएको विभिन्न नीतिहरू कटिबद्धताका साथ कार्यान्वयन गरी अर्थतन्त्रलाई गतिशील बनाउने र संचालित विकास आयोजनाहरू समयमा नै सम्पन्न गरी त्यसबाट प्रत्यक्ष लाभ सर्वसाधारण जनताले पाउने तर्फ नै केन्द्रीत हुनेछ । ग्रामीण क्षेत्रका जनता बढी लाभान्वित हुने किसिमले उच्च आर्थिक वृद्धिदर प्राप्ति गर्ने किसिमका कार्यक्रमहरूलाई नै प्राथमिकता साथ

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संचालन गरिनेछ। आगामी आर्थिक वर्षमा राष्ट्रिय उत्पादन वृद्धिदर ४.६ प्रतिशत हासिल गर्ने लक्ष्य अनुरूप कृषि उत्पादन ३.५ प्रतिशत, औद्योगिक उत्पादन २० प्रतिशत र अन्य क्षेत्रमा ४.३ प्रतिशतले वृद्धि गर्ने लक्ष्य राखिएको छ ।

७. विकास तर्फ विभिन्न क्षेत्रमा हुने मुख्य मुख्य कार्यक्रमहरू र व्ययको अनुमान विवरण संक्षेपमा निम्न बमोजिम प्रस्ताव गरेको छु ।

८. कृषकहरूलाई समयमा नै उन्नत प्रविधि, मलखाद, उन्नत जातको बिउबिजन, सिंचाई सुविधा, पशु स्वास्थ्य औषधी, कृषि ऋण जस्ता आधारभूत सेवाहरू र सामग्री उपलब्ध गराउन पर्याप्त रकमको व्यवस्था गरेको छु । कृषि अनुसन्धान प्रभावकारी रूपबाट संचालन गर्न कृषि अनुसन्धान परिषद्को स्थापना भएको छ । यसको लागि रू. ११ करोड ५६ लाख छुट्याएको छु । त्यस्तै कृषि प्रसार सेवालाई एकै थलोबाट कृषक समक्ष पुऱ्याउन रू. २३ करोड ९९ लाखको व्यवस्था गरेको छु । मलखादको आपूर्ति समयमै उपलब्ध गराउन रू. ६१ करोड छुट्याएको छु । मलखादको मूल्य तथा ढुवानीमा अनुदान दिने व्यवस्था गरेको छु । कृषकले लिएको कर्जामा दिइने ब्याज अनुदानको निम्ति पनि रकमको व्यवस्था गरेको छु । कृषि बजार विकास कार्यक्रमको लागि रू. ३ करोड २४ लाख छुट्याएको छु भने खाद्यान्न खरिद बिक्री वितरणको निम्ति रू. १४ करोड व्यवस्था गरेको छु । दुर्गम जिल्लाहरूमा वितरण हुने खाद्यान्नको ढुवानीमा अनुदान दिने नीति अपनाएको छु ।

९. स-साना सतह सिंचाई कार्यक्रमहरू, भूमिगत सिंचाई कार्यक्रमहरू बैंकहरूको ऋण सहयोगमा संचालन गर्न विशेष जोड दिएको छु । सुनसरी-मोरङ, नारायणी, भैरहवा-लुम्बिनी, महाकाली सिंचाई आयोजनाहरू समयमा नै सम्पन्न गर्न पर्याप्त रकमको व्यवस्था गरेको छु भने आयोजना कार्यान्वयनको शुरूदेखि नै कृषकहरू सहभागी हुने सिंचाई कार्यक्रमहरूको लागि रू. ३३ करोड ६७ लाख व्यवस्था गरेको छु । मर्मत तथा संभारको लागि रू. ६ करोड ९२ लाखको व्यवस्था गरेको छु ।

१०. खानेपानी तर्फ कार्यक्रम तर्जुमा गर्दा ग्रामीण क्षेत्रका जनताले भोगी रहेको शुद्ध खानेपानीको समस्या प्रति सरकार पूर्णरूपले परिचित छ। तसर्थ स्वच्छ पिउने पानी ग्रामीण क्षेत्रमा पुऱ्याउने तर्फ ध्यान दिइएको छ । यस कार्यक्रममा जनताको प्रत्यक्ष सहभागिता समेत बढाउने नीति अनुरूप रू. ८४ करोड ४० लाख खर्च गर्ने प्रस्ताव राखेको छु। त्यस्तै शहरी क्षेत्रको खानेपानी आपूर्तिमा देखा परेका समस्यालाई दृष्टिगत गरी वितरण प्रणालीमा समेत सुधार ल्याउन नयाँ आयोजना संचालनको निम्ति आवश्यक रकमको व्यवस्था गरेको छु ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. यातायातको विकासको लागि रु. २ अरब ८८ करोड २४ लाख खर्च गर्ने प्रस्ताव राखेको छु। राष्ट्रिय स्तरका विभिन्न सडक आयोजनाहरू समयमै सम्पन्न गर्न आवश्यक रकमको व्यवस्था गरेको छु भने केही जिल्लाहरूको सदरमुकाम जोड्ने सडकको लागि रु. १६ करोड ९३ लाख विनियोजन गरेको छु । जनताको सहभागीताबाट संचालन हुने ग्रामीण क्षेत्रका सडकहरूको लागि रु. २२ करोड व्यवस्था गरेको छु । सडक मर्मत तथा संभारको लागि रु. ७८ करोड ४८ लाख छुट्याएको छु । पूल र झोलुङ्गेपूलहरूको लागि रु. २२ करोड ४७ लाखको व्यवस्था गरेको छु । दुर्गम पहाडी क्षेत्रमा हवाई यातायात विस्तार तथा सुधार गर्ने कार्यक्रमको लागि पनि केही रकमको व्यवस्था गरेको छु ।

१२. प्रत्येक नेपालीले स्वस्थ जीवन बाँच्न पाउने आर्थिक, सामाजिक परिवेशको निर्माण गर्ने नेपाली कांग्रेसको चुनाव घोषणालाई मूर्त रूप दिन प्रतिकारात्मक तथा संवर्द्धनात्मक स्वास्थ्य सेवा ग्रामीणस्तर सम्म पु-याउने कार्यक्रमको लागि रु. २२ करोड ७४ लाख छुट्याएको छु । स्वास्थ्य केन्द्रहरूमा पर्याप्त औषधी उपलब्ध गराउन रु. १२ करोड २१ लाख छुट्याएको छु । आयुर्वेदिक जस्ता परम्परागत स्वास्थ्य सेवा प्रणालीको विकास तथा विस्तार निमित्त रु. ८० लाख खर्च हुने अनुमान गरेको छु । स्वास्थ्य क्षेत्रमा संचालन गर्ने विभिन्न कार्यक्रमहरूको लागि रु. ६३ करोड २४ लाखको व्यवस्था गरेको छु।

१३. केटाकेटीहरूको बाँच्न पाउने अधिकार सुरक्षा गरिनु पर्दछ भन्ने सरकारको संकल्प रहेकोले आगामी दश वर्षभित्र शिशु र बाल मृत्यु दर पचहत्तर प्रतिशत कम गर्ने उद्देश्य अनुरूप खोप कार्यक्रमहरूलाई रु. ७ करोड ९५ लाख व्यवस्था गरेको छु । यसमा गैर सरकारी संघ संस्थाहरूलाई विशेष रूपले अभिप्रेरित गराउने वातावरणको श्रृजना गरिनेछ ।

१४. जनसंख्या नियन्त्रणको कामलाई ग्रामीण विकासको अभिन्न अंगको रूपमा अँगालिने नीति अनुरूप गरीबी उन्मूलन तथा जनसंख्या नियन्त्रण सम्बन्धी नीति र कार्यक्रमहरू ग्रामीण क्षेत्रसम्म एकीकृत रूपमा पु-याउन एक बृहत् कार्यक्रमको तर्जुमा हुँदैछ । यसै संदर्भमा सरकारले जनसंख्या सम्बन्धी नीति तयार गर्दैछ । गैर सरकारी संघ संस्थाहरूको समेत सहभागिता हुने गरी जनसंख्या सम्बन्धी कार्यक्रमलाई अघि बढाइनेछ । जनसंख्या नियन्त्रण कार्यक्रमको लागि रु. १२ करोड ७ लाखको व्यवस्था गरेको छु ।

१५. शैक्षिक गुणस्तरमा आएको ह्रास र शैक्षिक असमानतालाई नियन्त्रण गर्न शैक्षिक गुणस्तरमा अभिबृद्धि गर्ने दृष्टिकोणले उपयुक्त शिक्षा नीति र योजनाको तर्जुमा गरिनेछ । आगामी दश वर्ष भित्र नेपालमा निरक्षरता समाप्त गर्ने उद्देश्यले प्राथमिक शिक्षा र प्रौढ शिक्षा विस्तारमा विशेष

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जोड दिने नीति अनुरूप एक बृहत्त आयोजनाको तर्जुमा हुंदैछ। प्राथमिक शिक्षाका निम्ति निःशुल्क पाठ्य पुस्तक वितरणको लागि रू. १० करोडको व्यवस्था गरिएको छ। माध्यमिक शिक्षा चरणबद्ध रूपमा निःशुल्क गराउने उद्देश्य अन्तर्गत आर्थिक वर्ष २०४८।४९ को आगामी शैक्षिक सत्र देखि हाल सरकारी अनुदान पाइ राखेका विद्यालयहरूमा छैठौं कक्षासम्मको शिक्षा निःशुल्क गर्ने कार्यक्रमको तर्जुमा गरी लागु गरिनेछ। थप नयाँ विश्वविद्यालयहरू खोल्ने सम्बन्धमा आवश्यक अध्ययन सर्वेक्षणका लागि बजेट व्यवस्था समेत गरिएको छ । उच्च शिक्षा तर्फ सरकारी व्ययभार निकै बढेकोले त्रिभुवन विश्व विद्यालयलाई आफ्नो आन्तरिक साधन परिचालन गर्ने तर्फ प्रेरित गरिनेछ। शिक्षा क्षेत्रमा आगामी वर्ष रू. २ अरब ७३ करोड ४० लाखको बजेट व्यवस्था गरेको छु ।

१६. घरेलु तथा स-साना उद्योगहरू रोजगारी तथा आयमूलक भएकोले यसको विस्तारमा विशेष जोड दिइएको छ । हालको घरेलु तथा ग्रामीण उद्योग विभाग र घरेलु तथा ग्रामीण उद्योग विकास समितिमा संस्थागत पुनःसंरचनागरी क्रमशः घरेलु तथा साना उद्योग विभाग र घरेलु तथा साना उद्योग विकास केन्द्रमा परिणत गरिएको छ । यो नयाँ संस्थागत व्यवस्थाले रोजगारी तथा निर्यातमूलक गलैंचा, हस्तकला, तयारी पोशाक जस्ता उद्योग व्यवसायहरूको निम्ति चाहिने दक्ष जनशक्ति देश भित्रै तयार गर्ने तर्फ विशेष जोड दिनेछ । विभिन्न क्षेत्रमा स्थानीय श्रम, साधन र संभाव्यता अनुरूप घरेलु तथा साना उद्योगको प्रबर्द्धन, संवर्द्धन र विस्तार गरी एकीकृत रूपमा संचालन गर्नको निमित्त रू. ५ करोड ४४ लाखको व्यवस्था गरेको छु। ग्रामीण क्षेत्रमा घरेलु तथा साना उद्योगको प्रबर्द्धन गरी थप रोजगारीका अवसरहरू सिर्जना गर्न हाल संचालनमा रहेको शीपमूलक तालीम कार्यक्रमलाई विस्तार गर्नको निमित्त रू. ४ करोड ४४ लाखको व्यवस्था गरेको छु ।

१७. राष्ट्रका अगाडि देखापरेको गरीबी, ग्रामीण क्षेत्रको अविकसित अवस्था, महिलाहरूका समस्या र दुर्गम क्षेत्रका जनताले भोग्न परेका कठिनाईमा सुधार ल्याउने उद्देश्यले यस वर्ष स्थानीय विकास कार्यक्रममा विकेन्द्रीकरणको सिद्धान्तलाई मूल आधारमानी स्थानीय नेतृत्वलाई नै विकासमा बढी अग्रसर गराउने गरी स्थानीय तथा ग्रामीण विकासलाई प्रभावकारी ढँगले कार्यान्वयन गर्न अनुदानको रूपमा रू. २५ करोड ३० लाखको व्यवस्था गरेको छु । चालु वर्षमा स्थापित ग्रामीण स्वाबलम्बन विकास कोषको लागि रू. १ करोड छुट्याएको छु । दुर्गम क्षेत्र विकास समिति अन्तर्गत हुने कार्यक्रमहरूको लागि रू. २ करोड ७६ लाख र महिला विकास कार्यक्रमहरूको लागि रू. ४ करोड ८४ लाखको व्यवस्था गरेको छु।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
222

१८. जलस्रोतको समुचित विकास गर्ने क्रममा अरूण तेस्रो विद्युत आयोजनाको निर्माण कार्य शुरू गर्न दातृ समूहसंग समझदारी बढाई आयोजना संचालन गर्न प्रयास गरिनुका साथै विद्युत उर्जाको बढ्दो माग आपूर्तिमा सन्तुलन ल्याउन मध्यम खालका विद्युत आयोजना थाल्ने संभावनालाई पनि अघि बढाइने छ । ग्रामीण विद्युतीकरणको योजनालाई क्रमैसंग विस्तार गर्न आवश्यक रकमको व्यवस्था मिलाएको छु । साना जल विद्युत शक्ति उत्पादन गर्ने कार्यक्रम संचालन गर्न निजी क्षेत्रलाई पनि प्रोत्साहन गर्ने नीतिको अवलम्बन गरिनेछ ।

१९. हिमाल सिमेण्ट कारखानाको पुनरूत्थान र हेटौंडा सिमेण्ट उद्योगलाई उच्च स्तरीय कच्चा पदार्थ उपलब्ध गराउनको लागि आवश्यक रकम जुटाएको छु। यसबाट यी दुबै उद्योगहरू पूर्ण क्षमतामा संचालन हुनेछन्। दैनिक आठ सय मेट्रीक टन सिमेण्ट उत्पादन गर्ने क्षमताको निर्माणाधीन उदयपुर सिमेण्ट उद्योगले आगामी वर्षको अन्तसम्ममा परीक्षण उत्पादन प्रारम्भ गर्ने भएकोले रु. १ अरब २० करोड ४ लाखको व्यवस्था गरेको छु । निर्यात प्रवर्द्धन क्षेत्र स्थापनाको प्रारम्भिक कार्य संचालनको लागि रु. २ करोड ७ लाखको व्यवस्था गरेको छु । निजी क्षेत्रहरूलाई औद्योगिक क्षेत्रहरूमा उद्योग स्थापना गर्नको निम्ति अनुकूल वातावरण सिर्जना गर्न औद्योगिक क्षेत्रहरूको व्यवस्थापन सुधार गरिनेछ ।

२०. पर्यटन उद्योगले स्वदेशी उद्योग तथा सेवाको विकास तथा विस्तार गर्नमा सघाउ पु-याइ आन्तरिक उत्पादन र रोजगारीको अवसरमा समेत वृद्धि हुन जाने भएकोले पर्यटन उद्योगको लागि चाहिने सामानहरू स्वदेशी उद्योगहरूबाट परिपूर्ति गराई पर्यटन उद्योगबाट आर्जित हुने परिवर्त्य मुद्रा देश भित्रै सकेसम्म बढि मात्रामा राख्ने दृष्टिकोणले एक कार्य योजना तैयार गरिनेछ । यस संदर्भमा आगामी वर्षदेखि पर्यटन विकाश सम्बन्धी विभिन्न पक्षहरू समावेश भएको एक नयाँ कार्यक्रम संचालन गरिनेछ । त्यस्तै देशको सांस्कृतिक थलोहरूको संरक्षण गर्न गुरू योजना तर्जुमा गरी राष्ट्रिय सम्पदाहरूको संरक्षण तथा जिर्णोद्वार गर्ने कामको थालनी गरिनेछ । आगामी आर्थिक वर्षमा काभ्रेपलाञ्चोक जिल्लाको पनौतीमा रहेको प्राचीन मन्दिरको जिर्णोद्वार तथा त्यस क्षेत्रको सुधार कार्यहरू संचालन गर्न आवश्यक रकमको व्यवस्था गरेको छु ।

२१. समाजका विपन्न तथा पिछडिएका वर्गहरूको उत्थानको लागि गैर सरकारी संगठनहरू र सरकारी स्तरबाट संचालित कार्यक्रमलाई एक अर्काको पूरक बनाई लक्षित समूहलाई बढी भन्दाबढी फाइदा दिलाउने तर्फ गैर सरकारी संस्थाहरूलाई उत्प्रेरित गराउने वातावरण, सृजना गरिनेछ । गैर सरकारी संस्थालाई संगठित हुन खुल्ला छाडिने छ तर यस्ता संस्थाहरूलाई ग्रामीण विपन्नतालाई दृष्टिगत गर्ने गरी प्रोत्साहित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

228

गरिनेछ। विपन्न वर्गको आर्थिक तथा सामाजिक स्थितिमा हुन सक्ने सकारात्मक प्रभावलाई मध्यनजर राखी सरकारले तोकेको निकायबाट स्वीकृतीलिई विदेशी गैह्र सरकारी संस्थाहरूले सरकारमा दर्ता गरेको राष्ट्रिय गैर सरकारी संस्थाहरू संग सिधै सम्पर्क राख्न सक्नेछन् । तर विदेशी सरकारी तथा गैर सरकारी संस्थानहरूसंग राष्ट्रिय गैह्र सरकारी संस्थाले संझौता गर्न भने सरकारको स्वीकृती लिनु पर्ने नीति अपनाइएको छ।

२२. आगामी वर्ष विकास खर्चको अनुमान चालु वर्ष पूरक बजेटबाट समेत वित्तिय क्षेत्रको सुधारका लागि खर्च भएको रकम रु. ३ अरब २७ करोड २७ लाख कटाउँदा चालु वर्षको संशोधित अनुमानको रु. १३ अरब २७ करोड ८३ लाखको दाँजोमा २७.२ प्रतिशतले बढी छ । आर्थिक वर्ष २०४८।४९ मा विभिन्न क्षेत्रमा हुने विकास खर्च र कुल विकास खर्चको प्रतिशत तल तालिकामा दिएको छु ।

(रु. करोडमा)

शिर्षक	अनुमानित विकास बजेट	कुल विकास बजेटको प्रतिशत
आर्थिक सेवा		
कृषि क्षेत्र	४११.७२	२४.४
कृषि	१६४.९५	९.८
सिंचाई	१५६.१६	९.२
भूमिसुधार	३.५२	०.२
बन	७८.५२	४.६
अन्य	८.५७	०.५
यातायात क्षेत्र	२८८.२४	१७.१
सडक	२१७.४३	१२.९
हवाई	४२.८१	२.५
पुल	२२.५६	१.३
अन्य	५.४४	०.३
उद्योग क्षेत्र	१७०.७६	१०.१
संचार	१८.१९	१.१
अन्य आर्थिक सेवाहरू	६३.०२	३.७
सामाजिक सेवा	५२७.५९	३१.३
स्वास्थ्य	६३.२४	३.७
शिक्षा	२७३.४०	१६.२
खानेपानी	१०१.२१	६.०
स्थानीय विकास	४७.०६	२.८
अन्य	४२.६८	२.५
अन्य	२०९.९८	१२.४
कुल जम्मा :-	१६८९.५०	१००

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२३. विकाश खर्चको निम्ति चाहिने साधन मध्ये सरकारी राजश्वबाट रू. २ अरब ३१ करोड १२ लाख, बैदेशिक सहायता अनुदानबाट रू. ३ अरब ५१ करोड १४ लाख, बैदेशीक ऋण सहायताबाट रू. ८ अरब ३१ करोड ७१ लाख बेहोरी बांकी नपुग रकम थप कर प्रस्तावबाट र आन्तरिक ऋण एवम नगद मौज्दातबाट व्यहोर्ने प्रस्ताव राखेको छु । यसरी विकाश खर्चमा आन्तरिक स्रोतको योगदान ३० प्रतिशत रहेको छ ।

२४. यसरी आगामी वर्षका लागि साधारण र विकाशमा गरी जम्मा रू. २६ अरब ६४ करोड ९ लाख विनियोजन गरेको छु । यस मध्ये राजश्वको वर्तमान श्रोतबाट १२ अरब ५ करोड ७० लाख र बैदेशीक ऋण तथा अनुदान गरी जम्मा रू. ११ अरब ८२ करोड ८५ लाख व्यहोर्ने भई बांकी रू. २ अरब ७५ करोड ५३ लाख न्यून रहने छ।

२५. राजश्वको वृद्धिदर सरकारी खर्चको वृद्धिदरको तुलनामा एकातिर ज्यादै कम भएको छ भने अर्को तर्फ आन्तरिक ऋणलाई पनि वान्छित सीमा भित्र राख्नु पर्ने वाध्यता उत्तिकै छ । बैदेशिक एवम आन्तरिक ऋण गत वर्षको अन्तसम्ममा रू. ४९ अरब ६३ करोड पुगी सकेको छ । यो ऋण भार प्रतिव्यक्ति रू. २५५५ हुन आउँछ । विकाश कार्यक्रमहरूको लागि चाहिने पूँजी हालको राजश्व वृद्धिदरबाट केवल १६.६ प्रतिशत पुराउन सकिने भएकोले अझ कैयन वर्षसम्मको लागि बैदेशिक सहायता नभई नहुने अवस्था रहेको छ । तर बढ्दै गएको ऋण भार र सो को कारण वस्तु तथा सेवाको निर्यात आर्जन र निजी ट्रान्सफरको तुलनामा ऋण भुक्तानीमा हुंदै गएको बृद्धिलाई ध्यानमा राख्दा देशलाई ऋणको खाडल (Debt Trap) मा जान नदिन पनि हामी उत्तिकै जागरूक हुनु परेको छ । तसर्थ ऋणको समूचित उपयोग गरी राष्ट्रिय उत्पादनमा अभिबृद्धि गरेर ऋण माथिको निर्भरतालाई क्रमशः घटाउँदै लाने तर्फ विशेष ध्यान दिइने छ।

२६. सरकारले विदेशी ऋण र सहायता लिंदा आयोजनाको छनौट र प्राथमिकता तोक्ने कार्यलाई गम्भिरता पूर्वक लिई आफ्नो अहम् भूमिका निर्वाह गर्ने छ । विदेशी सहायतालाई देशको आवश्यकता र यसले जनताको आर्थिक तथा सामाजिक स्थितिमा पार्न सक्ने सकारात्मक प्रभावलाई ध्यानमा राखी छानिएका खास खास क्षेत्रहरूमा प्रवाहित गरिनेछ । विदेशी अनुदानबाट प्रदान हुने प्राविधिक सहयोग अन्तरगत विदेशी प्रविधिको उपयोग हाम्रै विकाश प्रशासनले प्रयोग गर्न सक्ने स्थितिको श्रृजना गरिनेछ । यस्मा सबै दातृ पक्षहरूको सकारात्मक धारणा मैले पाएको छु र पाउने आशा पनि लिएको छु । यसै सन्दर्भमा नेपालको चौतर्फी विकाशमा सबै मित्र राष्ट्रहरू, विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, एशियाली विकाश बैंक, संयुक्त राष्ट्र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संघीय विकास संस्थाहरू तथा अन्य द्विपक्षीय तथा बहुपक्षीय संघ संस्थाहरूको सहयोगको लागि धन्यवाद दिन चाहन्छु।

२७. विभिन्न आयोजना तथा कार्यक्रमहरूमा छुट्याएको रकम दुरूपयोग नहोस्, अनावश्यक सुविधाहरूमा खर्च गर्ने प्रवृत्तिले प्रश्रय नपाओस् र समयमा नै लक्ष्य अनुसार काम सम्पन्न होस् भन्ने दृष्टिकोण राखी एक उच्चस्तरिय कार्यक्रम अनुगमन इकाई राख्ने व्यवस्था मिलाएको छु ।

२८. आर्थिक वर्ष २०४६।४७ को यथार्थ आय-व्यय, आर्थिक वर्ष २०४७।४८ को संशोधित आय-व्यय र आर्थिक वर्ष २०४८।४९ को अनुमानित आय-व्यय अनुसूचि १ मा दिएको छु ।

२९. चालु आर्थिक वर्षमा प्रत्येक मन्त्रालयलाई छुट्याइएको खर्चको रकम र सो खर्च अनुसारको लक्ष हासिल भयो भएन त्यसको विवरण यसै साथ पेश गरेको छु ।

<u>राजस्व सम्बन्धी प्रस्तावहरु</u>

सभामुख महोदय,

१. अब म राजस्व सम्बन्धी प्रस्तावहरु पेश गर्दछु । हाले भएको नेपाली मुद्राको विनिमय दर समायोजनबाट औद्योगिक क्षेत्र तथा उपभोक्ताहरूलाई पर्न सक्ने प्रतिकूल प्रभाव प्रति सचेष्ट रही सकभर त्यसलाई निस्प्रभावित पार्ने, कर प्रशासनलाई सकेसम्म सरल गर्ने र सामान्य जनजीवनलाई प्रतिकूल असर नपारी राजस्व बृद्धि गर्ने उद्देश्य लिई आगामी वर्षको नीति तर्जुमा गरेको छु ।

२. सम्पूर्ण प्राथमिक उत्पादन र वस्तुहरू, मरमसलाहरू, सबै प्रकारका खाने तेल, बिस्कुट, नुहाउने साबुन, निर्माण सामग्री, प्रयोगशाला सम्बन्धी काँचका सामानहरू, लालटीन र सोको फिता, थरमस, बस ट्रकको टायर, ट्यूब, झ्याल ढोकाको फ्रेम र फिटिङ्ग, सिचाईको होजपाईप, तिनपाँग्रे अटो रिक्सा, ताल्चा, कपडाको जुत्ता, हाते रस निचोरने मेशीन, केटाकेटीका खेलौना र सामानहरूमा सर्वसाधारण उपभोक्ताहरूलाई राहत पु-याउने उद्देश्यले भन्सार महसूल दर घटाउने वा माफी गर्ने प्रस्ताव गरेको छु ।जनगणतन्त्र चीनको तिब्बत स्वशासीत क्षेत्रबाट पैठारी हुने उपभोग्य बस्तुहरूमा लाग्ने अतिरिक्त भंसार महसूलमा पनि ५० प्रतिशत छुट दिइएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
226

३. स्वदेशी उद्योगहरूको उत्पादनमा कमी आउन नदिन तथा त्यसबाट उत्पादित वस्तुहरूलाई बजारमा बढी प्रतिस्पर्धात्मक बनाउन उद्योगले आयात गर्ने सम्पूर्ण कच्चा पदार्थमा लाग्ने साधारण भन्सार महसूल दरमा २५ प्रतिशतका दरले छुट दिने प्रस्ताव गरेको छु । यसको अतिरिक्त औद्योगिक वस्तुको प्याकिङ्ग सामानहरू, छान्ने कपडा, मेशिनमा प्रयोग हुने रबरको लोता, तथा कागजका लेवलहरूमा लाग्ने भन्सार महसूल दर पनि घटाएको छु । उद्योगले उत्पादनको लागि पैठारी गर्ने कच्चा तथा सहायक कच्चा पदार्थमा लाग्ने भन्सार महसूल दर तयारी वस्तुमा भन्दा बढी भएमा तयारी मालसामानको भन्दा एकतह मुनिको भन्सार महसूल दर लाग्ने व्यवस्था सबै उद्योगहरूकालागि गरेकोछु ।

४. सामानको पैठारीमा हाल लाग्ने गरेको परिमाणगत भन्सार महसूल दर हटाएको छु । सवारी साधनहरूको भन्सार महसूलदरमा सामान्य हेरफेर गरी परिमाणगत भंसारदरलाई समायोजन गरिएको छ ।

५. सर्वसाधारणलाई असर नपर्ने मालसामानहरूको उपभोग कम गर्न, टीन प्याक बदाम र सुपारी, रेक्टीफाइड अल्कोहल र अल्कोहल मिश्रित पेयपदार्थ, क्यामेरा र फ्यालयास, भोल्टेज स्टावलाइजर र एयरकन्डिसनरको कम्प्रेशर तथा स्वदेशमा निर्मित राष्ट्रिय भाषाका चलचित्र प्रदर्शनलाई प्रोत्साहन गर्न विदेशी फिचर फिल्मको भंसार महसूलदरमा केही बृद्धि गरेको छु ।

६. नेपाली यात्रुहरूले विदेश भ्रमणबाट फर्कदा साथमा ल्याएको निजी प्रयोगका सामानहरूमा कर सुविधा दिने अभिप्रायले झिटी गुण्टा नियमको व्यवस्था गरिएको थियो । तर उक्त सुविधा व्यापारिक प्रयोजनकोलागि दुरूपयोग भइ अवान्छित कार्य गर्ने प्रवृत्ति समेत बढेको देखिएको छ । यस्ता प्रवृत्तिलाई निरूत्साहित गर्न हाल विदेशी मुद्राको श्रोत नभएमा पनि एक रात विदेशमा बिताएमा सुन तीन तोला, वा चाँदी १५० तोलासम्मको गहना बिना भंसार महसूल बुझाई ल्याउन पाउने भएकोमा कमसेकम अब तीन रात बिताउनु पर्ने र विदेशी मुद्राको श्रोत पनि देखाउनु पर्ने, चाँदीको १५० तोलासम्मको गहना ल्याउन पाउने सुविधालाई घटाई १५ तोलामात्र ल्याउन पाउने व्यवस्था गरेकोछु । झिटी गुण्टा सम्बन्धी नयाँ व्यवस्था आजैको मिति देखि लागु हुने व्यवस्था गरेको छु । तर आजको मिति सम्म विदेश गईसकेका नेपाली यात्रुहरूले श्रावण २७ गते भित्र फर्की सो मितिसम्म भंसार गोदाममा सामान दाखिला गरी सकेमा पुरानै व्यवस्था अनुरूपको सुविधा पाउने व्यवस्था कायमै राखेको छु ।

७. विदेशी मुद्राको आय श्रोत भइ कमसेकम एक वर्ष विदेशमा बसेको नेपाली नागरिकले भंसार महशूल बुझाई २५ तोलासम्म सुन ल्याउन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२८

सक्ने सुविधामा बृद्धि गरी ५० तोलासम्म ल्याउन सक्ने व्यवस्था गरिएको छ ।

८. भन्सार महसूल दरबन्दीहरू आजकै मिति देखि लागु हुनेछन्।

९. हालको बिक्रीकरको दरबन्दीलाई उद्योगपति, पैठारी कर्ता तथा कर प्रशासक समेतलाई सजिलो र बढी स्पष्ट हुने गरी सरलीकरण गरेको छ ।

१०. रासायनिक पदार्थ, स्टोभ, घर छाउने टायल, पानको पात, तोरीको दाना, जनसाधारणले प्रयोग गर्ने रेडियो, डिटरजेन पाउडर, प्लाष्टीकका चुरा, टिका, पोते, सियो, मेन्टोलको जाली, जुटका उत्पादनहरु, पाइपहरू, सिनेमा उद्योगले आयात गर्ने कच्चा फिल्म, जस्ता वस्तुहरुमा बिक्रीकर घटाउनुको साथै टेलिभिजन जस्ता बस्तुहरूमा बिक्रीकर दरहरुमा केहि बृद्धि गरेको छ । बिक्रीकरका अन्य दरहरू यथावत राखिएको छ ।

११. बिक्रीकरका दरहरू आजैका मितिदेखि लागु हुनेछन् ।

१२. औद्योगिक उत्पादनमा हालैको विनीमयदरको समायोजनले परेको असरलाई ध्यानमा राखि जनसाधारणलाई बोझनथप्ने अभिप्रायले अन्तःशुल्क दरमा खास परिवर्तन नगरी विद्यमान अन्तःशुल्कको परिमाणगत दरबन्दीलाई क्रमशः हटाउँदै लग्ने उद्देश्यले सामान्य समायोजन सम्म गरेको छु ।

१३. कृत्रिम रेशाको धागो तथा कपडा, पोलिथिनका सामानहरू, फलाम तथा फलामका उत्पादनहरू, बिस्कुट आदिमा मोल प्रतिशत तथा परिमाणगत दुवै दरमा अन्तःशुल्क लाग्ने व्यवस्था रहेकोमा यसलाई मोल प्रतिशतमा मात्र लगाउने व्यवस्था गरेको छु ।

१४. बढ्दो औद्योगिकरणबाट राजस्वमा योगदान हुनुपर्ने उद्देश्यले औद्योगिक उत्पादनहरू भिडीयो डेक, मिनरल वाटर, स्पोर्टस र प्लाष्टिकका जुत्ता, ब्रान र सालसिड आयल र कृत्तिम छाला आदिमा केहि प्रतिकात्मक रूपमा अन्तःशुल्क लगाउने प्रस्ताव गरेको छु ।

१५. चुरोट र मदिराको सेवनलाई निरुत्साहित गर्न चुरोटको अन्तः शुल्क लाग्ने वर्तमान स्लाबमा हेरफेर तथा मदिराको वर्तमान दरमा ५ प्रतिशत थप गरी नयाँ अन्तःशुल्क दर कायम गरेको छु । यसबाट सरदर १० प्रतिशत थप राजस्व आउनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६. स्वेच्छीक रूपमा आयकर तिर्ने प्रवृत्तिको विकास गर्ने उद्देश्यले करदातालाई करको भार केही कम हुने गरि देहाय बमोजिम आयकरको दर प्रस्ताव गरेको छु ।

(१) व्यक्ति, दम्पति वा परिवारको लागि आयकर नलाग्ने आयको हद :

(क) व्यक्तिको लागि - रु. २०,०००।-

(ख) दम्पति वा परिवारको लागि - रु. ३०,०००।-

(२) <u>आयकर लाग्ने करको दर</u>

छुटपछिको पहिलो रु. १०,००० मा	१० प्रतिशत
त्यस पछिको रु. २०,००० मा	२० प्रतिशत
त्यस पछिको रु. २०,००० मा	३० प्रतिशत
त्यस पछिको रु. २०,००० मा	४० प्रतिशत
र त्यसपछिको जतिसुकै भएपनि	५० प्रतिशत

१७. अस्थायी वासिन्दा, साँझेदारी फर्म, प्राईभेट लिमिटेड कम्पनी र संस्थानहरुको आयमा कुनै किसिमको छुट नदिई उपरोक्त बमोजिमको दरले आयकर लगाउने प्रस्ताव गरेको छु । अस्थायी वासिन्दालाई हाल लगाई आएको १२ प्रतिशत थप करको व्यवस्था यथावत राखेको छु ।

१८. हालसम्म घरजग्गा वहाल आयलाई करदाताको अन्य श्रोतवाट हुने आयमा समावेश गरी आयकर लगाई आएको कारणावाट आयकरको उच्चतम दर लाग्न गई आयकर तिर्ने भावनामा प्रतिकूल असर परेकोले आगामी आर्थिक वर्ष देखि घरजग्गा वहाल आयमा आयकरका दर बमोजिम छुट्टै घरजग्गा वहाल कर लगाउने प्रस्ताव गरेको छु । तर घरजग्गा वहाल बाहेक करदाताको अन्य आय श्रोत पनि भएमा भने व्यक्ति वा परिवारले पाउने छुट दोहोरो नपर्ने गरि मिलाएको छु । यसवाट घरजग्गा वहाल आयमा आयकर तिर्न करदाता प्रोत्साहित हुने आशा राखेको छु ।

१९. नेपाल अधिराज्य भित्रका उद्योग, कारखाना वा कम्पनीलाई ऋण,प्राविधिक ज्ञान, प्रविधि, सूचना, फर्मूला आदि जस्ता सेवा प्रदान

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरी सो वापत पाउने ब्याज शुल्क, रोयल्टी वा यस्तै अन्य आय प्राप्त गर्ने कुनै पनि विदेशी व्यक्ति, कम्पनी वा फर्मलाई उनीहरुले पाउने कर योग्य आयमा एकमुष्ट २५ प्रतिशतका दरले आयकर लगाई कर असूल उपर गरिने प्रस्ताव गरेको छु ।

२०. अग्रिम कट्टा गर्नुपर्ने हालसम्म स्पष्ट रुपमा नतोकिएका आयहरु- डिस्काउण्ट, कमिशन, डिष्ट्रीब्यूशन, सल्लाहकार सेवा शुल्क र यस्तै अरु कर योग्य आयमा पछि अन्तिम कर निर्धारण हुंदा मिलाउने गरी भुक्तानीको अवस्थामा १० प्रतिशत अग्रीम आयकर वापत आयकर कट्टा गरिने प्रस्ताव राखेको छु।

२१. कर दाताले स्वच्छाले अघिल्लो वर्षमा लागेको आयकर बराबरको रकम अग्रिम दाखिला गर्न सक्ने व्यवस्था गरिएको छ । यस्तो अग्रिम दाखिल गरिएको रकम अन्तिम आयकर निर्धारण गर्दा लाग्ने आयकर भन्दा बढी भएमा बढी भएजति रकममा वार्षिक ८ प्रतिशत ब्याज समेत जोडी फिर्ता गर्ने व्यवस्था गरेको छु ।

२२. करदाताहरुबाट आय विवरण तथा निर्धारित आयकर रकम म्याद भित्र दाखिला गराउने प्रवृत्तिलाई प्रोत्साहन गर्न लागेको आयकरमा २ प्रतिशत छुट दिने व्यवस्था गरेको छु ।

२३. होटलहरुले ग्राहक तथा पाहुनाहरुलाई उपलब्ध गराउने सबै सेवाहरुमा होटल कर नलिइएकोले यसमा सुधार र विस्तार गरि होटलले ग्राहक तथा पाहुनाहरुलाई उपलब्ध गराउने संचार सेवा बाहेक अन्य सबै सेवामा होटलकर लाग्ने व्यवस्था राखेको छु । होटलकर तिर्ने प्रवृत्तिलाई प्रोत्साहित गर्न तथा राजश्व संकलनमा सरलता ल्याउने दृष्टिले तारा नभएका होटल, लज, रेष्टुराँ तथा बारहरुको आय गर्ने क्षमताको आधारमा वार्षिक रुपमा होटल कर तोकी असूल उपर गर्ने प्रस्ताव गरेको छु । होटलकरका अन्य व्यवस्थाहरु यथावत राखेको छु ।

२४. नेपाली उद्यमीहरुलाई प्रोत्साहित गरी नेपाली कला र संस्कृतिको संरक्षण तथा संवर्द्धनलाई समेत सघाउ पुग्ने गरी नेपाल अधिराज्यमा नेपाली निर्माताहरुद्वारा नेपाली भाषामा निर्मित चलचित्र, भिडियो फिल्म वा टेलिफिल्मलाई दिईआएको दुई तिहाई अनुदानलाई कायमै राखेको छु । साथै यस्ता चलचित्र समयमै प्रदर्शन गराउने उद्देश्यले नेपाली निर्माताका यस्ता चलचित्र, भिडियो फिल्म वा टेलिफिल्म प्रदर्शन गर्ने हल धनीहरुलाई समेत उठेको मनोरन्जनकर रकमबाट ५ प्रतिशत छुट्टै रकम अनुदान दिने व्यवस्था गरेको छु ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२५. टूरिङ टाकीजमा मासिक रु. १२,०००।- का दरले एकमुष्ट मनोरञ्जन कर लगाउने व्यवस्था गरेको छु । मनोरञ्जन करका अन्य व्यवस्था यथावत राखेको छु ।

२६. टेलिभिजन तथा भिडियोमा वार्षिक रूपमा लागि आएको दस्तुरलाई खारेज गरी पैठारी तथा उत्पादकबाट खरिद गर्दाको अवस्थामा अब उप्रान्त एकमुष्ट दर्ता दस्तुर लिने प्रस्ताव गरेको छु ।

२७. सवारी साधनको मूल्य वृद्धिको अनुपातमा सवारी साधनकर केही वर्ष देखि परिवर्तन नभएकोले कार, जीप, भ्यान तथा मोटरसाइकल जस्ता निजी सवारी साधनमा लाग्ने करको दरमा बृद्धि गरेको छु, सार्वजनिक यातायात तथा मालसामान ढुवानीमा दर नबढोस भन्ने उद्देश्यले यस्ता सवारी साधनमा लाग्ने सवारी साधन कर भने यथावत कायम राखेको छु ।

२८. मालपोत र रजिष्ट्रेशन सम्बन्धी प्रचलित दर तथा व्यवस्थाहरू यथावत कायम राखेको छु ।

२९. क्यासिनोले तिर्नु पर्ने वार्षिक रोयल्टीलाई आगामी आर्थिक वर्ष देखि बृद्धि गरी असी लाख पु-याएको छु । क्यासिनोले तिर्नु पर्ने आयकर लगायत अन्य करहरू यथावत लगाई असूल गरिनेछ।

३०. परिवर्तन गरिएका विभिन्न करका दरहरूको विस्तृत विवरण अनुसूचीहरूमा उल्लेख गरेको छु । माथि उल्लेखित वाहेक अन्य करका दरहरू यथावत राखेको छु ।

३१. हुलाक महसूल दरहरू धेरै समय देखि परिवर्तन नभएको एवं छिमेकी मुलुकहरूको दरहरू भन्दा पनि लगभग आधा भन्दा पनि कम रहेको तथा विश्व हुलाक संघको निर्देशित सामान्य सिद्वान्त समेतलाई दृष्टिगत गरी आन्तरिक हुलाक दरलाई यथावत राखि वैदेशिक हुलाक महसूल दरमा आगामी आर्थिक वर्ष देखि वृद्धि गरिने छ ।

३२. विदेशी नागरिक एवं पर्यटकहरूलाई लागेको प्रवेश भिसा दस्तुरका दरहरूमा पर्यटन उद्योगलाई प्रभाव नपर्ने गरी आगामी आर्थिक वर्षको कार्तिक १ गते देखि लागु हुने गरी वृद्धि गरिनेछ।

३३. वायुयानको अवतरण, विसान, गृह आश्रय, उडयन सहाय सुविधा तथा विमानस्थलहरूमा लिने अन्य आन्तरिक दस्तुरहरू पनि छिमेकी तथा दक्षिण पूर्वी मुलुकहरूको तुलनामा कम भएको तथा अन्तरराष्ट्रिय नागरिक उडयन संगठनको प्रतिपादित सिद्वान्त बमोजिम हुनु पर्ने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भएकोले वायुयान एवं विमानस्थल सम्बन्धी वर्तमान दरहरु आगामी आर्थिक वर्षको श्रावण १ गते देखि लागु हुने गरि वृद्धि गरिनेछ ।

३४. आगामी आर्थिक वर्ष २०४८।४९ को लागि आय-व्ययको प्रस्ताव मैले पेश गरेकोमा रु. २ अर्ब ७५ करोड ५३ लाख न्यून रहेकोमा कर परिवर्तन तथा कर प्रशासनको सुदृढीकरण समेतबाट रु. ५० करोड र बाँकी रु. २ अर्ब २५ करोड ५३ लाख आन्तरिक ऋण तथा नगद मौज्दातबाट पूर्ति गर्ने प्रस्ताव गरेको छु। यसबाट देशको आर्थिक स्थितिमा प्रतिकूल असर नपर्ने विश्वास पनि राखेको छु ।

<u>उपसंहार</u>

१. प्रजातान्त्रिक समाजवादमा प्रतिबद्ध यस सरकारको राजनैतिक स्वार्थ विपन्न वर्गको सामाजिक र आर्थिक हीतसंग गाँसिएको छ, र हामी समतामूलक आर्थिक संरचना तयार गर्ने लक्ष्य तर्फ उन्मुख छौं । समाजका शोषित, पीडित वर्गको उत्थान नभई देशको समग्र विकास नहुने र यस वर्गलाई विकास प्रकृयामा सरीक गराउन नसकेमा देशको आर्थिक एवं राजनैतिक धरातल नै कमजोर हुन्छ भन्ने हाम्रो धारणा छ । तर बहुसंख्यक जनता गरीब भएको, साधन र श्रोत सीमित रहेको, वैदेशिक सहायतामा अत्यधिक निर्भर, र बाह्य उथल पुथलबाट प्रत्यक्ष प्रभावित भै रहने हाम्रो जस्तो सानो गरीब र त्यस माथि पनि ३० वर्ष सम्मको विकृतिको बोझ बोकेको अर्थतन्त्रमा हामीले चाहे जस्तो आर्थिक परिवर्तन तत्काल गर्न संभव छैन । आर्थिक अस्थिरता र अराजकता आउन नदिई अर्थ व्यवस्थामा आवश्यक समायोजन दिर्घकालीन सोचाई राखेर गर्दै लगिने छ । यस अभियानमा हाम्रो राजनैतिक दर्शनले बृहत्तर दिशाबोध गर्ने र नीतिगत संगति र निरन्तरतालाई सुनिश्चित गर्ने छ । तर सैद्धान्तिक निष्ठा कै मात्र आडमा हामी आर्थिक क्षेत्रमा अव्यवहारिक दृष्टिकोण अपनाउने छैनौं र हाम्रा आर्थिक नीतिहरु यथार्थवादी र लचिला हुनेछन् ।

२. यो सरकार प्रतिस्पर्धात्मक अर्थतन्त्रमा विश्वास राख्दछ र यसको माध्यमद्वारा निजीक्षेत्रको शीप, साधन र उद्यमशीलता देशको आर्थिक वृद्धिका लागि प्रभावकारी ढंगले परिचालन हुन्छ भन्ने ठान्दछ । तर हाम्रो सन्दर्भमा बजार व्यवस्थाले ल्याउन सक्ने विकृति र खासगरी यसले पिछडिएका र साधन विहिन जनता प्रति देखाउने उदासिनता प्रति पनि हामी उत्तिकै सचेत छौं । त्यसैले सरकारी संयन्त्र मूलतः त्यही गरीब निमुखा जनताको भलाईका लागि र तिनलाई उत्पादनशील बनाई विकासको मूलधारामा समाहित हुन सक्ने तुल्याउन उपयोग गरिनेछ। यसरी सरकारको भूमिका र कार्य क्षेत्र पूनर्परिभाषित गरिनेछ र सरकारलाई मात्र विकासको कारकतत्व मानने संकीर्ण दृष्टिबोध अस्वीकार गरिनेछ । विगतमा अन्धाधुन्ध किसिमले सरकार हरेक क्षेत्र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

र. हरेक कार्यमा संलग्न हुने नीतिले आज हाम्रो अर्थतन्त्र दलदलमा जाकीन पुगेको छ। फलस्वरूप सरकार असीमित वित्तीय दायित्व बहन गर्न बाध्य छ र एउटै क्षेत्र र संस्थालाई निरन्तर टेवा दिइरहनु पर्ने र बांकी अरू क्षेत्र उपेक्षित रहने स्थिति छ । यस सिलसिलालाई विच्छेद गर्दै सरकारी क्षम कार्यलाई कुशलता र सक्षमताको सीमा भित्र राख्नु अति आवश्यक भैसकेको छ ।

३. देशको स्रोत, साधन र विकास प्रतिफलमा विपन्न वर्गको समानुपातिक हकको प्रत्याभूति दिन यो सरकार प्रयत्नशील रहने कुरा म फेरी एक पटक दोहो-याउँदछु । उत्पादन र उत्पादकत्वमा ह्रास आउन नदिई सम्पन्न वर्गको आर्थिक समृद्धिको केही हिस्सा प्रजातान्त्रिक एवम कानून संगत उपायद्वारा साधन विहिन जनसमुदाय तर्फ प्रवाहित गर्नु सरकारको दायित्व हुन्छ । यसबाट श्रम, पूँजी र प्रोत्साहनको संयोजन हुने मात्र नभई सामाजिक न्यायको स्थापना हुने र आर्थिक असमानतामा केही कमी समेत ल्याउन सघाउ पुग्ने हुन्छ। तर यी उपायहरूबाट मात्र बहुसंख्यक गरीब जनताको भविष्य र आयश्रोत सुनिश्चित हुन्न । देशबाट दरिद्रताको उन्मूलन मुख्यतः हामीले रोजगारीका अवसर कति श्रृजना गर्न सक्छौं, त्यसमा लक्षित वर्गको पहुंच कति पुग्छ, र श्रम शक्तिको उत्पादकत्व कसरी बढ्छ त्यसैमा निर्भर गर्दछ । यसका लागि आर्थिक विकासमा तिव्रता ल्याउनुका अतिरिक्त विकास प्रकृयालाई नै श्रममूलक र विकृति रहित बनाउनु आवश्यक हुन्छ । यही उद्देश्य प्राप्ति तर्फ वित्तीय, मौद्रिक एवं विकास नीति र जनसंख्या नीति समेतलाई केन्द्रित गर्ने प्रयास गरेको छु । यो वर्षको बजेट त्यो न्यायोचित र मानवीय आर्थिक सामाजिक संरचना स्थापित गर्ने दिशा तर्फको प्रारम्भिक पाइला हो । जसको लागि तीन दशकसम्मको प्रजातान्त्रिक संघर्ष समर्पित रह्यो, सयौं नेपालीहरूको रगत-पसिना समर्पित रह्यो । यो प्रारम्भिक पाइला स्यानो हुनसक्छ, पाइलाको वेग अपेक्षा गरिए भन्दाकम तीव्र हुन सक्छ तर यो पाइला सही दिशा तर्फ उन्मुख भएको विश्वास म यो सम्मानित सदनलाई दिलाउन चाहन्छु ।

४. प्रजातान्त्रिक परिपाटी अनुरूप यो सरकारले आर्थिक क्षेत्रमा पनि जनतालाई सुसूचित गर्ने र अर्थतन्त्रका बाध्यता, संभावना र विकल्पहरु बारे पूर्ण जानकारी गराउँदै लाने नीति अवलम्बन गर्ने छ। जनतालाई ढाँटने र उनीहरूबाट आर्थिक मामिला सम्बन्धी तथ्यहरु लुकाउने राजनैतिक र प्रशासनिक प्रवृत्तिलाई दुरूत्साहित गरिनेछ । आजको कठीन र अनिश्चित बाह्य आर्थिक वातावरणमा जनतालाई पूर्ण जानकारी र सचेत तुल्याई भैपरी आउने गाह्रो सांघुरो सम्म सघाउनका साथै उनीहरूलाई विश्वासमा लिनु अति जरूरी भएको महसूस गर्दछु । यसरी जनताको सरकारले जनतासंग प्रत्यक्ष सम्बन्ध राखी देशको आर्थिक पूनर्निर्माणमा अगाडि बढ्ने अठोट लिएको तथ्य म सम्मानित सभामुख मार्फत माननीय सांसदहरूलाई अवगत गराउन चाहन्छु ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. विगतको विकृतिपूर्ण व्यवस्था र त्यसबाट पोषित राजनीतिक, प्रशासनिक तथा अवसरवादी वर्गको मिलोमतो र स्वार्थको कारण आजसम्मको विकास खाली प्रक्रियागत जालो भित्र नै अल्झिरह्यो, र विकास कार्यकर्ता भनी चिनिने सबैले जनताको नाममा आ-आफु बीच "भागवण्डा" गर्ने परिपाटी बसाले । यस दुश्चक्रलाई कसरी तोड्ने अनि सम्पूर्ण खर्चलाई सोझै वास्तविक विकासमा कसरी लगाउने, र कसरी विकास कार्यलाई जनताको लागि "प्रत्यक्ष लाभ" मा रूपान्तर गर्ने भन्ने चुनौती हाम्रो सामु छ । यस अर्थमा सडक, पुल, खानेपानी, नहर निर्माणले त्यति मात्र महत्व राख्दछ जुन हदसम्म तिनले लक्षित वर्गको जीवनस्तर उकास्छन् र तिनको आय आर्जन गर्ने क्षमतामा वृद्धि ल्याउँछन् । यो गर्छौं र त्यो बनाउछौं भन्नु भन्दा जनतालाई हामीले के दियौं र उनीहरूले के पाए भन्ने कुरा महत्वपूर्ण हुन्छ र त्यसैमा हाम्रो ध्यान केन्द्रीत गर्नु छ। हामीले जनतालाई दिने प्रत्यक्ष राहत पनि यही हो। आउँदा दीनहरूमा हाम्रो विकास प्रयासको मूल कसी यही हुनेछ र यही उद्देश्य प्राप्तितर्फ सम्पूर्ण विकास प्रशासन र आर्थिक सुधारलाई उन्मुख गराउने अठोट लिएको छु । बजेटमा उल्लेखित कार्यक्रमहरूको कार्यान्वयन गर्ने सिलसिलामा सरकारलाई संपूर्ण नेपाली जनता, राजनैतिक दलहरू र यस संसदका माननीय सांसदहरूबाट पूर्ण सहयोग मिल्ने कुरामा म विश्वस्त छु ।

जय नेपाल ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूचि-१

आय - व्ययको विवरण

रू. हजारमा

२०४६।४७ यथार्थ	विवरण	२०४७।४८ संसोधित अनुमान	२०४८।४९ अनुमान
१९६६९२६४	कूल खर्च	२४४७८८४२	२६६४०९००
६६७१७६८	साधारण तर्फ -	७९२७८८१	९७४५८८७
१२९९७४९६	विकास तर्फ	१६५५०९६१*	१६८९५०१३
११२६२८६९	खर्च व्यहोर्ने श्रोतहरू	१३०९२९४३	१६०६८४६६
९२८७५३२	राजश्व	१०६९८२६१	१२५५७०५०
	राजश्वको वर्तमान श्रोतवाट		१२०५७०५०
	कर परिवर्तन तथा प्रशासनिक सुधारबाट		५०००००
१९७५३३७	विदेशी सहायता (अनुदान)	२३९४६८२	३५११४१६
१६७४०२१	द्विपक्षीय	१८८३९६९	२९७९०४२
३०१३१६	वहुपक्षीय	५१०७१३	५३२३७४
-८४०६३९५	बचत (+) न्यून (-)	-११३८५८९९*	-१०५७२४३४
८४०६३९५	न्यून पूर्ति गर्ने श्रोतहरू	११३८५८९९	१०५७२४३४
५९५९६१३	विदेशी सहायता (ऋण)	६२८०८६०	८३१७०७९
१०००६१७	द्विपक्षीय	१४१९५६७	१८१०२७५
४९५८९९६	वहुपक्षीय	४८६१२९३	६५०६८०४
२१५००००	आन्तरिक ऋण	४८८७५५८*	२०८२२०४
१४५००००	बैंकिग क्षेत्र	३९३७५५८*	११८२२०४
७०००००	गैर बैंकिंग क्षेत्र	९५००००	९०००००
२९६७८२	नगद मौज्दातमा परिवर्तन (- वचत)	२१७४८१	१७३१५१

* वित्तिय क्षेत्र सुधारका लागि गएको रू. ३ अरब २७ करोड २७ लाख समेत।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूचि-२

राजस्व अनुमान
२०४८/४९

(रु. लाखमा)

संकेत संख्या	शिर्षक	उपशीर्षक	वर्तमान स्रोतबाट	कर परिवर्तन र प्रशासनिक सुधारबाट	जम्मा
१.१.१.०	भन्सार महसुल		३३५२०.००	९००.००	३४४२०.००
१.१.१.१		पैंठारीबाट	३०२००.००	३००.००	३०५००.००
१.१.१.२		निकासीबाट	११००.००		११००.००
१.१.१.३		भारतीय अन्तःशुल्क फिर्ता	२२००.००		२२००.००
१.१.१.४		भन्सारको अन्य आय	२०.००	६००.००	६२०.००
१.१.२.०	वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने कर		४३२३०.००	२१००.००	४५३३०.००
१.१.२.१		औद्योगिक उत्पादनमा			
१.१.२.२		अन्तःशुल्क	१३८००.००	५५०.००	१४३५०.००
१.१.२.३		मदमट्टी ठेक्का रकम	१०.००		१०.००
१.१.२.४		बिक्री कर	२३५००.००	१०००.००	२४५००.००
१.१.२.५		मनोरञ्जन कर	४५०.००	५०.००	५००.००
१.१.२.६		होटेल कर	१४००.००	१००.००	१५००.००
१.१.२.७		हवाइ उडान कर	१८००.००		१८००.००
१.१.२.८		ठेक्का कर	१७५०.००		१७५०.००
१.१.२.९		सडक पूल सम्भार कर	४२०.००		४२०.००
१.१.२.९(क)		अन्य	१००.००	४००.००	५००.००
१.१.३.०	मालपोत तथा रजिष्ट्रेशन		५५७०.००		५५७०.००
१.१.३.१		माल तथा मालपोत कार्यालयबाट उठाइने	७७०.००		७७०.००
१.१.३.३		घर जग्गा रजिष्ट्रेशन दस्तुर	४८००.००		४८००.००

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

/२/

संकेत संख्या	शिर्षक	उपशीर्षक	वर्तमान स्रोतबाट	कर परिवर्तन र प्रशासनिक सुधारबाट	जम्मा
१.१.४.०	आय नाफा र सम्पत्ति कर		१००२०.००	२००.००	१०२२०.००
१.१.४.१		आयकर-सरकारी क्षेत्र	१६००.००		१६००.००
१.१.४.२		आयकर-अर्धसरकारी क्षेत्र	१५०.००		१५०.००
१.१.४.३		आयकर-सार्वजनिक क्षेत्र	५०.००		५०.००
१.१.४.४		आयकर-निजी क्षेत्र	६८००.००		६८००.००
१.१.४.५		आयकर-पारिश्रमिक	४५०.००		४५०.००
१.१.४.६		घर जग्गा वहाल कर	०.००	१५०.००	१५०.००
१.१.४.७		शहरी क्षेत्र घर जग्गा कर	२८०.००		२८०.००
१.१.४.८		सवारी साधन कर	४२०.००	५०.००	४७०.००
१.१.४.९(क)		ब्याज कर	२६०.००		२६०.००
१.१.४.९(ख)		सम्पत्ति कर	१०.००		१०.००
१.१.५.०	दस्तुर,दण्ड जरिवाना र जफत		१०५४९.५०	३००.००	१०८४९.५०
१.१.५.१		फर्म रजिष्ट्रेशन दस्तुर	२३०.००		२३०.००
१.१.५.३		बन्दूक, पिस्तोल रजिष्ट्रेशन दस्तुर	९.५०		९.५०
१.१.५.४		सवारी इजाजत दस्तुर	१६०.००		१६०.००
१.१.५.५		न्यायिक शुल्क, दण्ड जरिवाना तथा जफत	३५०.००		३५०.००
१.१.५.६		प्रशासनिक दस्तुर, दण्ड जरिवाना तथा जफत	९८००.००	३००.००	१०१००.००
१.१.६.०	सरकारी सेवा तथा वस्तुहरूको विक्रीबाट प्राप्त आय		५०१६.००	१५००.००	६५१६.००
१.१.६.१		पिउने पानी महसुल	२५.००		२५.००
१.१.६.२		पानीपोत	१२.००		१२.००
१.१.६.३		विद्युत महसुल	९.००		९.००
१.१.६.४		हुलाक सेवा	६२०.००	२००.००	८२०.००
१.१.६.५		खाद्य कृषि क्षेत्रको आय	३००.००		३००.००
१.१.६.६		शिक्षा क्षेत्रको आय	२००.००		२००.००
१.१.६.७		वन क्षेत्रको आय	१३००.००		१३००.००
१.१.६.८		यातायात क्षेत्रको आय	८५०.००	३००.००	११५०.००
१.१.६.९		अन्य सरकारी क्षेत्रको आय	१७००.००	१०००.००	२७००.००

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२८

/३/

संकेत संख्या	शिर्षक	उपशीर्षक	वर्तमान स्रोतबाट	कर परिवर्तन र प्रशासनिक सुधारबाट	जम्मा
१.१.७.०	लाभांश		५२२५.००		५२२५.००
१.१.७.१		वित्तिय संस्था	५२००.००		५२००.००
१.१.७.२		व्यापारिक संस्था	१०.००		१०.००
१.१.७.३		औद्योगिक संस्था	१०.००		१०.००
१.१.७.४		सेवामूलक संस्था	५.००		५.००
१.१.८.०	रोयल्टी तथा सरकारी सम्पत्ति बिक्री		५३०.००		५३०.००
१.१.८.१		खानी रोयल्टी	३०.००		३०.००
१.१.८.३		अन्य रोयल्टी	२००.००		२००.००
१.१.८.४		अन्य बिक्री	३००.००		३००.००
१.१.९.०	साँवा र ब्याज		६४१०.००		६४१०.००
१.१.९.१		साँवा-कम्पनी र संस्थानहरुबाट	३५००.००		३५००.००
१.१.९.२		ब्याज-कम्पनी र संस्थानहरुबाट	२९००.००		२९००.००
१.१.९.३		अन्य साँवा र ब्याज	१०.००		१०.००
१.१.९.०(क)	विविध आय		५००.००		५००.००
१.१.९.४		विविध आय	५००.००		५००.००
	कुल जम्मा		१२०५७०.५०	५०००.००	१२५५७०.५०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूचि-३

राजस्व असूली विवरण

(रु. लाखमा)

संकेत संख्या	शिर्षक	उपशीर्षक	२०४६।४७ यथार्थ	२०४७।४८ संशोधित अनुमान
१.१.१.०	भन्सार महसुल		२६८४८.७३	३०१६१.००
१.१.१.१		पैठारीबाट	२६४५९.८२	२७३४१.५०
१.१.१.२		निकासीबाट	३२५.६०	८२९.६०
१.१.१.३		भारतीय अन्तःशुल्क फिर्ता	०.००	१९७०.००
१.१.१.४		भन्सारको अन्य आय	६३.३१	१९.९०
१.१.२.०	वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने कर		३१६४२.४८	३६९०९.२१
१.१.२.१		औद्योगिक उत्पादनमा अन्तःशुल्क	१०९४८.६५	११७२०.००
१.१.२.२		मदमट्टी ठेक्का रकम	२१.४३	२०.००
१.१.२.३		बिक्री कर	१६५००.७९	२०००३.४०
१.१.२.४		मनोरन्जन कर	३३५.३६	३९८.९०
१.१.२.६		होटेल कर	९९७.१८	११०४.५०
१.१.२.७		हवाइ उडान कर	८७७.२८	१५८९.८५
१.१.२.८		ठेक्का कर	१७०४.५२	१६९५.८०
१.१.२.९		सडक पूल सम्भार कर	२५३.८६	३३६.७६
१.१.२.९(क)		अन्य	३.५१	४०.००
१.१.३.०	मालपोत तथा रजिष्ट्रेशन		४५१७.५६	५०३७.५७
१.१.३.१		माल तथा मालपोत कार्यालय-बाट उठाइने	७४६.४५	७५३.५७
१.१.३.३		घर जग्गा रजिष्ट्रेशन दस्तुर	३७७१.११	४२८४.००

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

/२/

संकेत संख्या	शिर्षक	उपशीर्षक	२०४६।४७ यथार्थ	२०४७।४८ संशोधित अनुमान
१.१.४.०	आय नाफा र सम्पत्ति कर		९८३०.५५	८१४६.८२
१.१.४.१		आयकर-सरकारी क्षेत्र	२४०९.४६	१४६२.७१
१.१.४.२		आयकर-अर्धसरकारी क्षेत्र	२४.०५	११७.२०
१.१.४.३		आयकर-सार्वजनिक क्षेत्र	०.००	२३.४४
१.१.४.४		आयकर-निजी क्षेत्र	६२४९.५३	५३११.६४
१.१.४.५		आयकर-पारिश्रमिक	५०६.४८	३८१.६१
१.१.४.७		शहरी क्षेत्र घर जग्गा कर	१९०.७६	२२४.७०
१.१.४.८		सवारी साधन कर	३१८.८४	३६३.८०
१.१.४.९(क)		ब्याज कर	१३१.४३	२६१.७२
१.१.४.९(ख)		सम्पत्ति कर		०.००
१.१.५.०	दस्तुर, दण्ड	जरिवाना र जफत	७७६४.८२	१०२९६.१०
१.१.५.१		फर्म रजिष्ट्रेशन दस्तुर	१८३.६५	२०८.२०
१.१.५.३		बन्दूक, पिस्तोल रजिष्ट्रेशन दस्तुर	८.६१	८.७०
१.१.५.४		सवारी इजाजत दस्तुर	११४.७१	१४५.९०
१.१.५.५		न्यायिक शुल्क, दण्ड जरिवाना तथा जफत	२७८.९१	३१३.३०
१.१.५.६		प्रशासनिक दस्तुर, दण्ड-जरिवाना तथा जफत	७१७८.९४	९६२०.००
१.१.६.०	सरकारी सेवा तथा वस्तुहरूको बिक्रीबाट प्राप्त आय		३९६५.५७	४७४४.४०
१.१.६.१		पिउने पानी महसुल	२१.३३	२२.२०
१.१.६.२		पानीपोत	१८.६०	७.९०
१.१.६.३		विद्युत महसुल	५.६३	६.९०
१.१.६.४		हुलाक सेवा	५९७.८६	५८६.००
१.१.६.५		खाद्य कृषि क्षेत्रको आय	२३६.६३	२४२.५०
१.१.६.६		शिक्षा क्षेत्रको आय	१३१.३६	१६७.६०
१.१.६.७		वन क्षेत्रको आय	११२७.२४	११९४.२०
१.१.६.८		यातायात क्षेत्रको आय	६३४.०१	८२९.४०
१.१.६.९		अन्य सरकारी क्षेत्रको आय	११९२.९१	१६८७.७०

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८४

(3)

संकेत संख्या	शिर्षक	उपशीर्षक	२०४६।४७ यथार्थ	२०४७।४८ संशोधित अनुमान
१.१.७.०	लाभांश		२३३८.०३	४४८६.४१
१.१.७.१		वित्तिय संस्था	२२७४.१७	४४४४.४०
१.१.७.२		व्यापारिक संस्था	३.८६	२.००
१.१.७.३		औद्योगिक संस्था	६०.००	३०.००
१.१.७.४		सेवामूलक संस्था	०.००	०.०१
१.१.८.०	रोयल्टी तथा सरकारी सम्पत्ति विक्री		४०१.३२	४०२.२०
१.१.८.१		खानी रोयल्टी	१४.२२	१३.४०
१.१.८.३		अन्य रोयल्टी	२५५.६६	१६८.३०
१.१.८.४		अन्य विक्री	१३१.४४	२२०.५०
१.१.९.०	साँवा र ब्याज		४२९८.२३	६२०२.४०
१.१.९.१		साँवा-कम्पनी र संस्थानहरुबाट	२५०८.०६	३५००.००
१.१.९.२		ब्याज-कम्पनी र संस्थानहरुबाट	२७८३.८३	२६९९.५०
१.१.९.३		अन्य साँवा र ब्याज	६.३४	२.९०
१.१.९.०(क)	विविध आय		२६७.९३	४९६.५०
१.१.९.४		विविध आय	२६७.९३	४९६.५
	कूल जम्मा		९२८७५.३२	१०६९८२.६१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

282

अनुसूचि-४

साधारण बजेट : व्यय अनुमान

(रु. लाखमा)

मुख्य शीर्षक	अनुदान संख्या	उपशीर्षक	२०४६/४७ यथार्थ	२०४७/४८ संशोधित अनुमान	२०४८/४९ अनुमान
१ सवैधानिक अङ्ग			१०३६.४२	१९३२.३४	२०७६.८२
	१.१	श्री ५ महाराजाधिराज तथा राजपरिवार	४२३.९५	४२२.९५	४८५.९५
	१.२	राजपरिषद्	२३.८९	३१.७८	३५.६७
	१.३	संसद	१३३.९०	१५६.००	५४२.६१
	१.४	सर्वोच्च अदालत	५९.९५	५९.३४	९६.४५
	१.५	अख्तियार दुरूपयोग तथा अनुसन्धान आयोग	२१.५४	२०.६७	२४.८१
	१.६	महालेखा परिक्षकको विभाग	१३९.२८	१४५.१२	२२३.४०
	१.७	लोक सेवा आयोग	१४३.३६	१४२.३२	१७२.०१
	१.८	निर्वाचन आयोग	६४.५९	९२६.८९	४५९.२६
	१.९	महान्यायाधिवक्ताको कार्यालय	२६.९६	२७.२८	३६.५६
२ साधारण प्रशासन			९६३४.३८	११६१९.०४	१४४९७.८६
	२.१	मन्त्रिपरिषद्	७७.४७	८५.७७	९०.०५
	२.२	श्री ५ को सरकारको सचिवालय	१३६८.४१	११२६.८३	१७३२.५६
	२.३	जिल्ला प्रशासन	६६१.३१	५५१.०९	७३९.११
	२.४	प्रहरी	६५४९.४१	८७४०.००	११५९८.३७
	२.५	कारागार	३७२.९५	५१८.९२	६३५.७४
	२.६	विविध	५८०.५३	५६२.४४	७०२.०३
	२.७	प्रशासन सुधार	२४.००	२४.००	-०.००

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४४२ ४४२

/२/

मुख्य शीर्षक	अनुदान संख्या	उपशीर्षक	२०४६/४७ यथार्थ	२०४७/४८ संशोधित अनुमान	२०४८/४९ अनुमान
३ राजस्व प्रशासन			१२४३.४२	१३४२.३८	१७६९.४०
	३.१	मालपोत	४४६.४९	४४९.८४	८६४.९६
	३.२	भन्सार	३४०.४२	३६६.०२	४६९.६४
	३.३	अन्तःशुल्क	१२४.२४	१२७.६९	१७६.२०
	३.४	कर	२०७.३०	१९३.६६	२४२.०८
	३.५	राजस्व न्यायाधिकरण	४.८७	५.०७	६.४१
४ आर्थिक प्रशासन र योजना			४७७.७१	४८६.९१	४८४.९२
	४.१	योजना	२७.२६	२४.९०	३२.२१
	४.२	तथ्यांक	३०.७९	२९.६६	३६.३२
	४.३	महालेखा नियन्त्रकको कार्यालय	४१९.६६	४३२.३४	४१७.३९
५ न्याय प्रशासन			८७६.२४	८८१.८४	११३२.८७
	५.१	अदालत	८७६.२४	८८१.८४	११३२.८७
६ वैदेशिक सेवा			१४२०.९४	१८७९.३४	२३४३.४६
	६.१	वैदेशिक सेवा	१२३३.११	१६३२.३२	२०३७.३४
	६.२	विविध	१८७.८४	२४७.०३	३०६.११
७ रक्षा			१०२७२.१४	११३६१.१८	१४२९६.८४
	७.१	रक्षा	८२२३.१४	११३०६.२३	१४२३०.००
	७.२	विविध	२०४८.९९	४४.९४	६६.८४
८ सामाजिक सेवाहरु			७१६१.२२	७९२५.११	९७२४.६३
	८.१	शिक्षा	३१९६.७२	३८४०.००	४७१४.१८
	८.२	स्वास्थ्य	२९६४.९४	३२२२.०८	३९०९.२८
	८.३	पिउने पानी	२४.९२	२३.२२	३०.२८
	८.४	स्थानीय विकास	८४.९४	६८.६१	८९.४०
	८.५	अन्य सामाजिक सेवाहरु	८८७.६८	७६४.२०	९८२.४९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

288

/३/

मुख्य शीर्षक	अनुदान संख्या	उपशीर्षक	२०४६/४७ यथार्थ	२०४७/४८ संशोधित अनुमान	२०४८/४९ अनुमान
९			४२३७.७३	४३६५.६३	४६८०.९२
आर्थिक	९.१	कृषि	३१५.८१	३३५.४३	४२६.१३
सेवाहरु	९.२	सिंचाई	१०१.४७	४५.८६	९१.४४
	९.३	भूमि सुधार	११९.१३	१३१.९२	१४८.३७
	९.४	नापी	१४९.०९	१७३.३५	२०८.७९
	९.५	वन	१७३.११	१७८.१७	२३५.२८
	९.६	उद्योग तथा खानी	१६०.९२	१४१.७९	२०४.९७
	९.७	संचार	१८४४.७१	२००४.६७	२६२३.०४
	९.८	यातायात	१२७४.२६	१२४५.०७	१६१४.६४
	९.९	विद्युत	०.००	०.००	०.००
	९.१०	अन्य आर्थिक सेवाहरु	८९.२३	८९.०७	११८.२४
१०			६६.८३	१००.००	१००.००
ऋण तथा लगानी	१०.१	ऋण र लगानी	६६.८३	१००.००	१००.००
११			२२७९१.७९	२४७३०.८०	३७९७१.१४
सावा र ब्याज भुक्तानी	११.१	सावा भुक्तानी	८०२३.१४	७२६६.८७	१२०६९.५७
	११.२	ब्याज भुक्तानी	१४७६८.६५	१७४६३.९३	२५९०१.५७
१२			७३९८.७६	१२७४०.६०	६२७८.००
विविध	१२.१	विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च	५१०.२३	१००.००	१००.००
	१२.२	निवृत्तभरण,भत्ता, तथा उपदान	१४४५.९०	२०००.००	२९५०.००
	१२.३	अतिथि सत्कार	४.६९	१०.००	१०.००
	१२.४	आकस्मिक सहायता, चन्दा र पुरस्कार	०.००	२.००	२.००
	१२.५	मुआब्जा	५४.६२	१००.००	१००.००
	१२.६	अन्य	४०१०.००	२०२८.६०	२११६.००
	१२.७	भैपरि आउने	१३७३.३२	८५००.००*	१०००.००
		कूल जम्मा	६६७१७.६८	७९२७८.८१	९७४४८.८७

* तलब वृद्धि रकम यस शिर्षकमा देखाइएको ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४५

अनुसूचि-५

विकास बजेट : व्यय अनुमान

(रू. लाखमा)

मुख्य शीर्षक	अनुदान संख्या	उपशिर्षक	२०४६/४७ यथार्थ	२०४७/४८ संशोधित अनुमान	२०४८/४९ अनुमान
२ साधारण प्रशासन			१४२.५०	११३.०४	१४४.१९
	२.७	प्रशासन	१४२.५०	११३.०४	१४४.१९
४ आर्थिक योजना र प्रशासन			१०७.९०	१२०६.२९	७०१.२६
	४.१	योजना	३३.८४	६१.६४	७९.६४
	४.२	तथ्यांक	७४.०६	११४४.६५	६२१.६२
८ सामाजिक सेवाहरू			३९७३२.९६	४०२०५.८७	५२७५९.८४
	८.१	शिक्षा	१४७९७.६९	१७१९६.९२	२७३४०.४१
	८.२	स्वास्थ्य	३९३८.२७	४७८०.३३	६३२४.२३
	८.३	पिउने पानी	६१७४.५०	६९७४.५१	१०१२०.९०
	८.४	स्थानीय विकास	४५४१.३४	३३१५.७५	४७०५.९५
	८.५	अन्य सामाजिक सेवाहरू	१०२८१.१६	७९३८.३६	४२६८.३५
९ आर्थिक सेवाहरू			८६००५.१४	११५८८४.४१	११४३४४.८४
	९.१	कृषि	११८३५.२०	१६२३८.६०	१६४९४.५९
	९.२	सिंचाई	१२०४८.१६	११०६६.७८	१५६१६.२२
	९.३	भूमि सुधार	३८८.०८	४२५.९९	३५०.६६
	९.४	नापी	६४४.८३	७३६.०१	८५७.३२
	९.५	वन	५४७१.५२	५५६७.५२	७८५२.१९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

/२/

मुख्य शीर्षक	अनुदान संख्या	उपशिर्षक	२०४६/४७ यथार्थ	२०४७/४८ संशोधित अनुमान	२०४८/४९ अनुमान
	९.६	उद्योग तथा खानी	१०४८९.५६	१४६३८.२३	१७०७६.५५
	९.७	संचार	१२८३.७३	१२२.६६	१८१९.२०
		(क) हुलाक	१७.८१	२२.६६	२९.१२
		(ख) दुर संचार	१२६५.९२	१००.००	१७९०.०८
	९.८	यातायात	१५९०१.२७	१६५४५.७०	२८८२४.८४
		(क) सडकहरू	१०९०६.४७	१४३२५.६७	२१७४२.७८
		(ख) पूलहरू	८१३.८२	७८३.२६	२२५७.३९
		(ग) हवाई	४१०२.५०	१३२०.१२	४२८०.९३
		(घ) अन्य यातायात	७८.४८	११६.६५	५४३.७४
	९.९	बिद्युत	२०८७६.३६	१५१७७.२०	१९१५१.६६
	९.१०	अन्य आर्थिक सेवाहरू	७०६६.४३	३५३६५.७२	६३०१.६१
		(क) वाणिज्य	५७३.२९	८२२.४५	३७६.९७
		(ख) श्रम	८२.७४	९९.८२	१३६.३२
		(ग) पर्यटन	१८३.५०	१३५.२५	३४२.०९
		(घ) हावापानी तथा जल	१६१.८२	१७०.६०	१८०.२३
		(ङ) अन्य	६०६५.०८	३४१३७.६+	५२६६.००
१२			३९८६.४६	८१००.००	१०००.००
विविध	१२.६	अन्य	११७९.९२	०.००	०.००
	१२.७	भैपरि आउने	२८०६.४४	८१००.००*	१०००.००
		कूल जम्मा	१२९९७४.९६	१६५५०९.६१	१६८९५०.१३

+ वित्तीय सुधार कार्यक्रम अन्तर्गत विनियोजित रकम मध्य रू. ३ अरब २७ करोड २७ लाख खर्च समायेश भएको ।

* तलव वृद्धिको रकम यस शिर्षकमा देखाइएको ।

आज्ञाले,

शशिनारायण शाह

श्री ५ को सरकारको का.मु. सचिव

मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।